मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर

## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ८७ ★ ने. सं. ११४६ वछला थ्व, तृतीया ★ सोमबार ★ ७ वैशाख, २०८३ ★ April 20, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





संरा अमेरिकी ट्रम्प प्रशासनको क्युवामाथि हमलाको धम्कीबिच ऐतिहासिक बे अप गिरोन विजय दिवसको अवसरमा क्युवाको राजधानी हवानामा आयोजित एक समारोहमा वरिष्ठ सैनिक जनरलहरू तथा युवा अफिसरहरूसित छलफल कार्यक्रममा क्युवाली राष्ट्रपति मिग्वेल डियाज कानेल अप्रिल १८, २०२६ का दिन । *तस्बिर : क्युवाली राष्ट्रपतिको सचिवालय/ग्रान्मा*

# जेनजी आन्दोलनबारे सरोकारवालासँग छानबिन आयोगको सार सङ्क्षेप-४

**प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना (भदौ २३ गतेका उपत्यका प्रहरी कार्यालयका विभिन्न प्रमुखको बयान) :** भदौ २३ गते माइतीघर क्षेत्रमा भेला भएको भीड सुरुमा शान्तिपूर्ण देखिए पनि क्रमश: नेतृत्वविहीन, आवेगयुक्त र आक्रमक बन्दै गयो । विद्यालय पोशाकमा रहेका बालक - किशोरहरूबाहेक बाहिरी समूह, अज्ञात उत्तेजक तत्त्व तथा उद्देश्यहीन हिंसात्मक प्रवृत्तिको मिश्रणले वातावरण एकाएक बिग्रियो । निषेधित क्षेत्र उल्लङ्घन गर्दै भीड संसद् भवनतर्फ अघि बढ्यो र सार्वजनिक संरचना तथा प्रहरी तैनाथीमाथि आक्रमण गऱ्यो ।

ढुङ्गा, मुढा, लाठी, साबेल, घनजस्ता सामग्री प्रयोग गर्दै संसद् भवनतर्फ धकेलिनाका साथै सुरक्षाकर्मीमाथि निरन्तर प्रहार हुन थालेपछि सुरक्षाकर्मीहरूको जीवन जोखिममा परेको र सुरक्षा नियन्त्रण गुम्नसक्ने वास्तविक अवस्था सिर्जना भयो ।

अन्तिम बल प्रयोगको आदेश प्रमुख जिल्ला अधिकारीबाट हुने व्यवस्था छ । गोली चलाउने निर्णय न नेपाल प्रहरी प्रधानकार्यालयबाट आएको थियो न त मेरो व्यक्तिगत आदेश थियो ।

भदौ २३ र २४ गतेको आगजनी तथा तोडफोडका कारण उपत्यकाभित्र रानीपोखरीस्थित उपत्यका प्रहरी कार्यालयसमेत गरी २१९ वटा प्रहरी एकाइहरू क्षतिग्रस्त भए ।

**जिल्ला प्रहरी परिसर काठमाडौँका तत्कालीन कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक विश्व अधिकारीको बयान** : भदौ २३ गतेको प्रदर्शनका लागि निवेदन दिने प्रमुख पक्ष 'हामी नेपाल' समूहका सुदन गुरुङ, अनिल बानियाँ, केपी खनाल, दीपक बोहरा, भिक्टर पौडेल तथा हालका मन्त्री बब्लु गुप्तालगायतसँग समन्वय भएको थियो ।

Discord, Redit, x (ट्वीटर) लगायत डिजिटल प्लेटफर्महरूमा भइरहेको हिंसात्मक योजनासम्बन्धी कुनै अग्रीम चेतावनी जिल्ला सुरक्षा समितिसमक्ष उपलब्ध भएन ।

प्रदर्शनको एक हिस्सा निषेधित क्षेत्रतर्फ अघि बढ्दै उत्तेजित भई ढुङ्गा मुढा प्रहार गर्न थालेपछि करिब पौने १२ बजे ब्यारिकेड तोडी प्रवेश गरेपछि शान्ति कायम गर्न पानीको फोहरा प्रयोग गरिएको थियो । चारैतर्फबाट निरन्तर आक्रमण भएपछि अवस्था नियन्त्रण बाहिर जान थालेको मैले अनुभव गरेँ ।

करिब २ घण्टासम्म संयम अपनाउँदा पनि हिंसात्मक आक्रमण जारी रहेपछि अत्यन्त विषम अवस्थामा पनि थप बल प्रयोग गरिएको थियो ।

भदौ २४ गते स्थिति अझ जटिल हुनसक्ने आकलनसहित Vital Installations मा नेपाली सेनालाई परिचालन गरी अन्य सुरक्षाकर्मीलाई फिल्डमा खटाउने छलफल भएको थियो । सामाजिक सञ्जाल विश्लेषण गर्दा Metakhor, vercel app जस्ता प्लेटमार्फत आक्रमण स्थलको म्यापिङ र 'फेक न्युज' फैलाएर भीडलाई हिंसात्मक बनाउने तयारी भएको तथ्य पछि खुल्न आयो । भदौ २४ गते कर्फ्यु आज्ञा, शीर्ष नेताहरूको निवासमा आक्रमण र शव प्रदर्शन गर्ने योजनाबारे सूचना प्राप्त भएको थियो ।

भदौ २४ गते बिहानदेखि कलङ्की, साँखु, गोँगबु, बालाजु, बल्खु, कोटेश्वर, जडिबुटी, बौद्ध, चाबहिल, नैकाप, कीर्तिपुर, बढानीलकण्ठ तथा संसद् भवन आसपास एकसाथ सुनियोजित आक्रमण सुरु भयो । दङ्गाग्रस्त भीडले चारैतर्फ घेराबन्दी गरी आक्रमण गरिरहेको थियो । मैले घुसपैठ र पूर्वसूचना विश्लेषणको कमजोरी स्वीकारेको छु ।

**जिल्ला प्रहरी परिसर ललितपुरका तत्कालीन कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामकृष्ण अधिकारीको बयान :** भदौ २४ गते करिब ११:३० बजे मन्त्री तथा मुख्य मन्त्री निवासहरू, पार्टी कार्यालयहरू, प्रहरी प्रशासन तथा वडाहरू र न:खु कारागारसमेतमा एकैसाथ अराजक आक्रमण सुरु भयो । उक्त दिन भीडले बाटो अवरुद्ध गरेकोले सशस्त्र प्रहरी र नेपाली सेनाबाट अपेक्षित सहयोग नआएकोले प्रहरीको एक्लो बलले भीडलाई थाम्न सकेन र स्थिति नियन्त्रण बाहिर गयो ।


*बाँकी पृष्ठ २ मा*


# "भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकताका साथ काम गरिरहेको छ"




भक्तपुर, ६ वैशाख । भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप अस्पताल र ख्वप तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम आइतबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनता सामान्य उपचारबाट बञ्चित नहोस् भन्ने हेतुले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो । गरीब निमुखा जनताको स्वास्थ्यलाई मध्यनजर गरी ख्वप अस्पतालबाट स्वास्थ्य उपचारको व्यवस्था भइरहेको र सरकारले आइतबार बिदा दिने निर्णय असान्दर्भिक रहेको चर्चा गर्दै उहाँले भक्तपुर नगरपालिकाले विद्यालय शिक्षा, सफाइ क्षेत्र र स्वास्थ्य क्षेत्रमा नियमित रूपमा सेवा सञ्चालन गरिरहेको उल्लेख गर्नुभयो ।

ख्वप अस्पतालमा हाल ७५ जना डाक्टरबाट सेवा उपचार भइरहेको बताउँदै उहाँले २०० बेडसम्मको स्वास्थ्य सुविधा सञ्चालनमा तयारी गरिरहेका छौँ भन्नुभयो ।

ख्वप अस्पतालबाट नि:शुल्क रूपमा अक्सिजन वितरण भइरहेको बताउँदै उहाँले सामाजिक सेवामा युवाहरू लागिरहनुपर्ने आवश्यकता रहेको चर्चा गर्नुभयो ।

भ.न.पा.६ का वडा सदस्य गोविन्द दुवालले रोग नै शत्रु हुने बताउँदै जाँड रक्सी सेवनले स्वास्थ्यमा हानि नोक्सानी हुने हुँदा कुलत त्यागी स्वच्छ जीवन बिताउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।


समाजसेवी गोपीकृष्ण चाँगुभारीले वडास्तरीय रूपमा सञ्चालित विभिन्न पाठेघर तथा स्तन क्यान्सर, आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमले स्वास्थ्यमा लाभ भइरहेको चर्चा गर्दै सरकारले कृषकहरूलाई सहुलियतसहित उत्पादनमा प्रोत्साहित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले खानपिनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै मिसावत खानपिनका साथै विभिन्न रोगहरूप्रति सचेत रही निरोगी हुन सकेमात्र परिवार र समाज राम्रो हुने औँल्याउनुभयो ।

ख्वप तिलगँगा आँखा अस्पतालका आँखा विशेषज्ञ डा. अन्जु सुवालले आँखाबिना संसार नै अँध्यारो हुने बताउँदै थाइराइड, बाथ, सुगर, प्रेसर रोगले आँखालाई असर पार्ने हुँदा ६ महिनाको एकचोटि आँखा जाँच गर्नुपर्ने, आँखाको अप्रेसनपश्चात् खानपिनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रमका सभापति एवं वडाध्यक्ष हरिराम सुवालले स्थानीय उपभोक्ता समितिमार्फत वडावासीहरूको साथ र सहयोगमा वडामा सुन्दरी गोपाल मन्दिर पुन: निर्माण, अरनिको सभा भवन, ख्वप आदर निकेतन, महाकाली पीठ सुधार कार्य, बाटो ढुङ्गा छपाइ कार्यहरू सञ्चालन भइरहेको चर्चा गर्दै आँखा तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रममा सहभागीहरूप्रति आभार व्यक्त भन्नुभयो ।

### व्यङ्ग्यचित्र कुनो





कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्को परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड




राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत भक्तपुर नगरपालिका वडा नं. ९ तचपाल टोलमा पाँच वर्षमुनिका बालबालिकालाई भिटामिन क्याप्सुल खुवाउँदै स्वास्थ्य स्वयम्सेविकाहरू आइतबार । *तस्बिर : मजदुर दैनिक*

# समाजवाद र पुँजीवादको फरकबारे जनतालाई सचेत गर्नु आवश्यक



कैलाली, ६ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा मतदातालाई धन्यवाद, केन्द्रीय समितिको बैठकको सन्देश र नव वर्ष २०८३ को शुभकामना कार्यक्रम लम्किचुहा ५ चौँरीमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाको मुख्य उद्देश्य भनेको नि:स्वार्थ रूपमा जनताको सेवा गर्ने भएकोले जनताको सेवामा नेमकिपा सधैँ लागिपर्ने बताउनुभयो ।

समाजवादी व्यवस्थाले मात्र कामदार जनताको सेवा गर्न सकिने भएकोले समाजवाद र पुँजीवादको फरकबारे जनतालाई सचेत गर्नु अहिलेको आवश्यकता हो, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सहसचिव लक्ष्मी पुन मगरले विदेशीको इसारामा चल्ने देश स्वतन्त्र नहुने भएकोले वैदेशिक हस्तक्षेपको विरोध गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कैलाली सदस्य तारा तिरुवा, नेक्राकिसङ्घका रणबहादुर रोकायलगायतले बोल्नुभएको थियो ।

# वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई नागरिक अभिनन्दन गरिने

पाटन (ललितपुर), ६ वैशाख । ललितपुर महानगरपालिका-१६ वडा कलाकार समितिले ७५ औँ जन्मदिनका अवसरमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई नागरिक अभिनन्दन गर्ने भएको छ । वरिष्ठ कलाकार श्रेष्ठलाई पाटन दरबार क्षेत्रमा परम्परागत शैलीमा बाजागाजासहित स्वागत गरिने १६ वडाका अध्यक्ष निर्मलरत्न शाक्यले बताउनुभएको हो ।

"नेवारी परम्परानुसार जन्मदिनको सगुन प्रदान गरिनेछ, कलाकार समितिले 'ललितरत्न' उपाधिसहित सम्मानपत्र प्रदान गर्ने कार्यक्रम रहेको छ, यस कार्यक्रममा ललितपुर तयारी पोशाक व्यापार सङ्घ, वाद्य शिरोमणि घराना, आरबी डायमन्ड ज्वेलरी, पाटन पर्यटन विकास संस्था, ज्योति म्युजिक, यल नेवा: समाज, मुनास:, शाक्य बज्राचार्य समाज, ताम्रकार समाज, ललितपुर हस्तकला सङ्घ, प्लेइग फर चैन्ज, डिलाइट स्कूल, नेपाल भाषा मंका खल: यल, मङ्गल टोल सुधार सङ्घ, थ्रीस्टार क्लब, ललितपुर उद्योग वाणिज्य सङ्घ, ललितपुर सुनचा'दी व्यवसायी सङ्घ, स्यस्य: समाज, प्रोजेक्ट बाजा नेपाल, भुल्खु टोल सुधार समितिलगायत २० भन्दा बढी सङ्घसंस्थाले सम्मानपत्र प्रदान गर्ने कार्यक्रम रहेको छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा श्रेष्ठका अभिन्न व्यक्तित्वहरूका साथमा संवाद गरिनुका साथै वरिष्ठ कलाकार श्रेष्ठका लोकप्रिय गीतहरू प्रस्तुत गरिने जानकारी वडा नं. १६ कलाकार समितिका संयोजक एवम् कार्यक्रमका संयोजक सुरजवीर बज्राचार्यले जानकारी दिनुभयो । साँझको ५:०० बजे पाटन दरबारमा स्वागत गरी कात्तिक डबलीमा आयोजना हुने सम्मान समारोहमा लोकप्रिय गायक, गायिकाहरूले मदनकृष्ण श्रेष्ठका गीत प्रस्तुत गर्ने कार्यक्रम पनि रहेको बज्राचार्यले जानकारी दिनुभयो ।

पाँच वर्षदेखि निरन्तर कला क्षेत्रमा समर्पित भई विभिन्न कार्यक्रम आयोजना गर्दै आएको १६ वडा कलाकार समितिले यसअघि वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ मोहनप्रसाद जोशी तथा वरिष्ठ कलाकार रत्न बेहोसीलाई ललितरत्न उपाधि प्रदान गरी सम्मान गरिसकेको छ ।

संयोजक बज्राचार्यका अनुसार सम्मान तथा नागरिक अभिनन्दन एवं सांस्कृतिक साङ्गीतिक कार्यक्रम साँझ हुँदैछ भने बिहान ९:०० बजेदेखि वरिष्ठ कलाकार श्रेष्ठको जन्मदिनको अवसरमा पाटन दरबार क्षेत्र, महारानी पोखरी परिसरमा रक्तदान कार्यक्रमको आयोजना हुनेछ । ***(रासस)***

# आप्रवासन पत्रकारिता कार्यशाला सम्पन्न

काठमाडौँ, ६ वैशाख । आप्रवासनसम्बन्धी तीनदिने पत्रकारिता कार्यशाला सम्पन्न भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन( आईओएम) को सहकार्यमा आयोजित कार्यशाला आइतबार यहाँ सम्पन्न भएको हो ।

कार्यशालामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिव पिताम्बर घिमिरेले आप्रवासन नीति, कार्यान्वयन र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले नेपालमा वैदेशिक रोजगारले गर्दा आप्रवासन संस्कृति बढेको बताउँदै यसलाई सुरक्षित र मर्यादित बनाउन धेरै चुनौती थपिएको सुनाउनुभयो ।

जनसङ्ख्याविद् प्राडा योगेन्द्रबहादुर गुरुङले नेपालको जनसङ्ख्या गणनाको प्रक्रिया र यसमा आप्रवासनको अवस्थाबारे जानकारी दिनुभयो । मन्त्रालयका उपसचिव गुरुदत्त सुवेदीले नेपालको आप्रवासन नीति, रोजगारको हक, श्रम ऐनको महत्त्वलगायत विषयमा जानकारी गराउनुभयो । ऐन कानुनको व्यवहारिक जटिलता र जानकारीको अभावले कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकेको उहाँको भनाइ थियो ।

कार्यशालामा 'आइओएम रिजनल अफिस एसिया एन्ड प्यासिफिक' थाइल्यान्डका प्रतिनिधि मिको अलाजले एसियाको आप्रवासन प्रवृत्तिबारे भर्चुअल माध्यमबाट जानकारी दिनुभयो । सोही क्षेत्रका प्रतिनिधि डा. यु यिप चिङ्ग (एनि) ले एसिया प्रसान्त क्षेत्रको आप्रवासनबारे भिडियोमार्फत जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले आप्रवासनसम्बन्धी समाचार लेखन र शैलीमा अपनाउनुपर्ने संवेदनशीलताबारे आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा प्रस्तोता असोक राईले डाटा सुरक्षा र गोपनियता र जनकराज भट्टले मिडियामा आप्रवासनका समाचार उठान गर्दा अपनाउनुपर्ने संवेदनशीलताबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । ***(रासस)***

# हुरीले आँपको चिचिला झारेपछि किसान चिन्तित

सिरहा, ६ वैशाख । जिल्लामा यस वर्ष आँप उत्पादनमा ह्रास आउने भएको छ । अघिल्लो वर्षको तुलनामा यसपटक उत्पादन बढ्ने अपेक्षा गरिए पनि 'मधुवा' रोग र हुरीका कारण मञ्जर र टिकुला (चिचिला) झरेपछि किसानहरू चिन्तित बनेका छन् ।

कृषि ज्ञान केन्द्रका अनुसार करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा लगाइएको आँपमा यस वर्ष मञ्जर निकै राम्रो लागेको थियो, तर रोगको जोखिमले गर्दा अहिले रुखहरूमा करिब १० प्रतिशतमात्र फल बाँकी रहेको छ ।

केन्द्रका सूचना अधिकृत सुदीप खनालले भन्नुभयो, "सिरहाको करिब नौ हजार २५ हेक्टर क्षेत्रफलमा गरिएको आँपखेतीबाट यसपटक उल्लेख्य उत्पादनको अपेक्षा थियो । तर रोगका कारण मञ्जर र टिकुला झर्ने क्रम नरोकिँदा उत्पादनमा ठुलो ह्रास आउने देखिएको छ ।" उहाँका अनुसार गत वर्ष जिल्लामा ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ ।

लहान नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइका अनुसार किसानले 'इमिडाक्लोप्रिड'जस्ता विषादी प्रयोग गरे तापनि प्रकोप नियन्त्रण बाहिर गएको थियो । मञ्जर लाग्ने समयमा भएको वर्षा र अत्यधिक हावाहुरीले समस्या झनै बल्झाएको प्राविधिकहरूको ठहर छ ।

आँपखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका किसानहरू यतिबेला निकै निराश छन् । लहान-२४ का किसान प्रमोद यादवले भन्नुभयो, "हामीलाई रोग नियन्त्रणका लागि आवश्यक ज्ञान र सीपको अभाव छ । सरकारले समयमै सचेतनामूलक कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ ।"

त्यस्तै, गए रातिको हावाहुरीले बाँकी रहेका टिकुलाहरू पनि झारिदिएपछि लगानी नै नउठ्ने अवस्था आएको लहान-२२ का किसान रामवृक्ष यादवले बताउनुभयो । उहाँले दुखेसो पोख्दै भन्नुभयो, "विषादी र मलजलमा निकै खर्च भयो, तर अहिले रुखमा टिकुला नै छैनन् । आम्दानी हुने बेला रोगको प्रकोप त एकातिर छँदैछ, अर्कोतर्फ बेस्सरी आएको हावाहुरीले आँपका अडिएका चिचिला नै झरेपछि यसपालि लगानी पनि नउठ्ने डर भयो ।"

रोगको क्षतिलाई मध्यनजर गर्दै कृषि ज्ञान केन्द्रले आगामी वर्षहरूमा मञ्जर लाग्नुअगावै सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । ***( रासस)***

# बेमौसमी वर्षाले रोशी खोलाको 'डाइभर्सन' बगाएपछि बीपी राजमार्ग अवरुद्ध

काभ्रेपलाञ्चोक, ६ वैशाख । वर्षाका कारण बिपी राजमार्गअन्तर्गत काभ्रेको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मङ्गलटार सडकखण्ड आइतबार बिहानदेखि अवरुद्ध भएको छ ।

कटुञ्जे-मङ्गलटार सडकखण्डको विभिन्न स्थानमा 'डाइभर्सन' बगाएका कारण सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । डाइभर्सन मर्मत सुरु गरिए पनि आवागमन सुचारु गर्न केही समय लाग्ने कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार वर्षाका कारण रोशी खोलामा पानीको बहाव बढेपछि राजमार्गमा यसअघि निर्माण गरिएको अस्थायी डाइभर्सन बगाएको हो ।

गत सालको बाढीपहिरोले रागमार्गको रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । यस्तै गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको चार किमी बगाएपछि पुन: अस्थायी डाइभर्सन निर्माण गरिएको थियो ।

यसैबिच, राजमर्गा अवरुद्ध भएपछि सवारीसाधनलाई अहिले राजमार्गको प्रवेशमार्ग धुलिखेलको काभ्रेभञ्ज्याङ र सिन्धुलीको नेपालथोकमा 'होल्ड' गरेर राखिएको छ । राजमार्गको अवस्था बुझेर मात्रै यात्रा गर्न सर्वसाधारणलाई प्रहरीले अनुरोध गरेको छ भने अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न अपिलसमेत गरिएको छ ।

गतसाल असोजको बाढीपहिरोले चौकीडाँडा-नेपालथोक सडकखण्ड पूर्णरूपमा क्षतिग्रस्त बनाएपछि खोलाबाटै अस्थायी सडक एवं डाइभर्सन बनाएर यातायातका साधन सञ्चालन गर्दै आइएको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । ***(रासस)***

# मानव बेचबिखन र अपाङ्गतासम्बन्धी ऐन संशोधन विधेयक मस्यौदामा सुझाव माग

काठमाडौँ, ६ वैशाख । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दुई ऐन संशोधनको मस्यौदाबारे सुझावका लागि आह्वान गरेको छ ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा यही साताभित्र सुझाव दिन आह्वान गरेको हो ।

कानुनलाई अझ प्रभावकारी बनाउन विभिन्न प्रावधान समावेश गरिएको र मस्यौदामा सरोकार भएकाहरूबाट राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि सार्वजनिक गरिएकाले इच्छुक सबैलाई आफ्नो राय सुझाव दिन आग्रह गरिएको मन्त्रालयले जनाएको छ । ***(रासस)***

***जेनजी...***

**भदौ २३ गते संसद् भवनमा थप मद्दतमा खटिएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठोरको बयान :** भदौ २३ गते दिनको ३ बजे संसद भवन बानेश्वर पुग्दा बाहिर हजारौँको सङ्ख्यामा प्रदर्शनकारी थिए । फर्कने क्रममा भीडबाट ढुङ्गा प्रहार हुँदा आफ्नै टोलीका जवान कमलेश लुहार घाइते भएको थियो ।

(भदौ २३ गते संसद् भवनको उत्तर र दक्षिण गेटमा सशस्त्र प्रहरीले खासै प्रभावकारी भूमिका नखेलेको र १२:३० बजे नै कर्फ्यु आदेश जारी हुँदा समेत संसद्को दक्षिण गेटमा सेना देखिए पनि सक्रिय प्रतिरक्षा प्रतिक्रिया नदेखिएको उनले उल्लेख गरे ।)

भदौ २४ गते विमानस्थलबाट शीर्ष नेताहरू विदेश भाग्ने भन्ने सार्वजनिक सञ्जालमा हल्ला फैलिएपछि सुरक्षाका लागि गोल्डेनगेटमा प्रनाउको कमान्डमा टोली खटाइएको थियो । आगजनीका कारण भिजिबिलिटी कमजोर भएको सूचना जारी भएपछि अन्तर्राष्ट्रिय उडान रोकिएको थियो ।

## सङ्क्षिप्त समाचार

# एम्बुलेन्सको ठक्करबाट एकै परिवारका दुई जनाको मृत्यु

नेपालगन्ज, ६ वैशाख । बर्दियामा एम्बुलेन्सको ठक्करबाट एकै परिवारका दुई जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् ।

बाँकेको कोहलपुरबाट बर्दियाको राजापुरतर्फ जाँदै गरेको लुम्बनी प्रदेश बिएए ०३०५ नम्बरको एम्बुलेन्सले आइतबार बिहान गुलरिया नगरपालिका-७ स्थित तुलापुरमा ठक्कर दिँदा गुलरिया नगरपालिका-५ का ५५ वर्षीय भूमि लामिछाने र उहाँका करिब सात वर्षीय नाति रिहान्सको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी उपरीक्षक सरोज पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार योग शिविर चलिरहेको ठाउँमा जादै गरेको अवस्थामा तीव्रगतिको एम्बुलेन्सले ठक्कर दिएको थियो । मृत्यु भएका लामिछाने योगगुरुसमेत रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा लामिछानेकी पत्नी ५० वर्षीया सीता र अर्का ६५ वर्षीय स्थानीय सूर्य उपाध्याय घाइते हुनुभएको छ । घाइते दुवै जनाको नेपालगञ्ज नर्सिङहोममा उपचार भइरहेको छ ।

घटनापछि एम्बुलेन्स र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, बर्दियाका प्रहरी निरीक्षक प्रकाशसिंह कार्कीले जानकारी दिनुभयो । *(रासस)*

# वन्यजन्तु सप्ताहः सचेतना र संरक्षणमा जोड

कञ्चनपुर, ६ वैशाख । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वन्यजन्तु सप्ताह विभिन्न जनचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमसहित सञ्चालन भइरहेको छ । 'सुरक्षित मानिस, सुरक्षित वन्यजन्तुः जैविक विविधताको सदुपयोग, समृद्धिको सेतु' भन्ने मूल नाराका साथ वैशाख १ देखि सप्ताह मनाइँदै छ ।

निकुञ्जका सहायक वार्डेन विनयकुमार झाले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै क्षति घटाउने र जैविक विविधताको दिगो उपयोगमार्फत समृद्धि हासिल गर्ने उद्देश्यका साथ कार्यक्रम भइरहेको बताउनुभयो ।

उहाँका अनुसार, निकुञ्जको मुख्य कार्यालय मझगाउँमा सरसफाइ कार्यक्रमसँगै वन्यजन्तु, वातावरण तथा जैविक विविधताबारे सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय समुदाय, विद्यार्थी र सरोकार भएका निकायको सहभागितामा संरक्षणसम्बन्धी जानकारी दिइएको छ ।

निकुञ्जका रेन्जर प्रयास केसीले सोमबार (वैशाख ७) पूर्वी सेक्टर अर्जुनीस्थित पूर्व-पश्चिम महेन्द्रराजमार्ग क्षेत्रमा सरसफाइ कार्यक्रम र वन्यजन्तु, जैविक विविधता र संरक्षणसम्बन्धी कार्यक्रम आयोजना गरी सप्ताह समापन गरिने बताउनुभयो । वन्यजन्तु सप्ताहका अवसरमा निकुञ्जमा बाह्रसिङ्गा (स्वाम्प डियर) गणना कार्यक्रमसमेत सुरु गरिने उहाँले जानकारी दिनुभयो ।

गणनाका क्रममा बाह्रसिङ्गाको सङ्ख्या, वासस्थान र आहाराको उपलब्धताबारे विस्तृत अनुगमन गरिने रेन्जर केसीले बताउनुभयो ।

अघिल्लो गणनामा यहाँ बाह्रसिङ्गाको सङ्ख्या दुई हजार ३०३ रहेको पाइएको थियो । यसपटक संरक्षणका प्रयासलाई थप बढावा दिइएकाले त्यो सङ्ख्या वृद्धि भएको अनुमान गरिएको छ । नेपालमा सन् १९८० को दशकदेखि सुरु भएको संरक्षण अभियानबाट दुर्लभ वन्यजन्तुको संरक्षण र सङ्ख्या वृद्धिमा उल्लेखनीय सफलता हासिल भएको छ । यस्ता उपलब्धि सरकारी, सुरक्षा निकाय, स्थानीय समुदाय र संरक्षण साझेदारबिचको सहकार्यबाट सम्भव भएको निकुञ्ज व्यवस्थापनले जनाएको छ । *(रासस)*


# ललितपुरमा रातो मच्छिन्द्रनाथको रथारोहण

ललितपुर, ६ वैशाख । ऐतिहासिक तथा सांस्कृतिक रूपमा ललितपुरमा मनाउँदै आएको उपत्यकाकै सबैभन्दा लामो जात्राका रूपमा परिचित रातो मच्छिन्द्रनाथको रथारोहण भएको छ ।

वर्षा र सहकालको देवताका रूपमा हरेक वर्ष मनाइने यस जात्राअनुसार यस वर्ष पनि तिथिअनुसार शनिबार रथारोहण गरिएको हो । गुठी संस्थानका अनुसार रथ निर्माण सम्पन्न भएसँगै शनिबार मच्छिन्द्रबहालबाट रातो मच्छिन्द्रनाथको मूर्ति पुलचोक पुऱ्याई पूजाअर्चना गरी रथमा विराजमान गराइएको हो ।

रथ निर्माणसँग सम्बन्धित बाराही नाइके प्रेम महर्जनका अनुसार पूजाहारी जलपानेजु र खलपानेजुमार्फत विधिपूर्वक पूजा सम्पन्न गरी रथारोहण गरिएको हो । तिथिअनुसार आगामी वैशाख ८ गते बेलुकी पुलचोकबाट रथ तानेर गाबहालतर्फ तानिनेछ । *(रासस)*


## हार्दिक समवेदना



यस विद्यालयका कर्मचारी धनेश्वरी राजचलका पूजनीय पिता **धनभाजु सुवालको** दुःखद निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : २००३।०७।१२
निधन : २०८२।१२।२८

विद्यालय व्यवस्थापन समिति
**सन्तति आधारभूत विद्यालय**
श्रृजनानगर, नपली–१, भक्तपुर




**तरकारी बिक्री गर्न बजार आएका महिला**

दाङको घोराही उपमहानगरपालिका-१७ स्थित क्वाडीबाट आइतबार फेउवामा तरकारी बोकेर करिब पाँच किलोमिटर पैदल हिँड्दै घोराही बजारमा बिक्री गर्न आएका थारु महिला । गाउँमा खपत कम हुनु तथा सङ्कलन केन्द्र नहुँदा किसानले उत्पादन गरेका तरकारी बजारसम्म आफैँ बोकेर ल्याउनुपर्ने बाध्यता छ ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# विषादीरहित तरकारी उत्पादनमा किसान

टीकापुर (कैलाली), ६ वैशाख । यहाँका किसान विषादीरहित प्राकृतिक तरकारी उत्पादनमा लागेका छन् । मानव स्वास्थ्य र माटो संरक्षणका लागि यहाँका एक सय ४० किसानले विषादीरहित तरकारीखेती गर्न थालेका हुन् ।

विषादीको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने बुझेपछि प्राकृतिक तरकारी खेतीतर्फ लागेको किसानहरू बताउँछन् । ती किसानले आठ वटा कृषक समूह बनाएर तरकारी खेती गरिरहेको जनाएका हुन् ।

टीकापुर– १ को वनगाउँ र शङ्करपुर, वडा नं २ को राजीपुर र सीतापुर, वडा नं ३ को घीया, वडा नं ५ नुक्लीपुरमा समूह बनाएर तरकारी खेतीतर्फ लागेका हुन् ।

टीकापुर-१ वनगाउँस्थित असल चमेली कृषक समूहका अगुवा किसान मीनबहादुर चौधरीले विषादी न्यूनीकरण र सुरक्षित खाद्य तत्व संरक्षणका लागि तीन वर्षदेखि खेती गर्न थालिएको बताउनुभयो । "माटोको उर्वरा शक्ति बढाउने, बढी उत्पादन लिने र जैविक जीवाणु संरक्षण तथा स्वस्थ तरकारी उत्पादनमा जैविक प्राकृतिक खेतीमा लागेका छौँ", उहाँले भन्नुभयो, "हामीले नजानेर माटो र स्वास्थ्यमा खेलवाड गरिरहेका रहेछौँ भन्ने बुझेपछि यसतर्फ लागेका हौँ । खेतीमा रासायनिक मल र विषादी हाल्दैनौं, घरमै जैविक विषादी बनाएर प्रयोग गरिरहेका छौँ ।"

किसानले घरमै जैविक, घरेलु मल बनाउने गरेका छन् । मल बनाउन झारपात, सडेगलेका तरकारी, पिसाब आदि प्रयोग गरिन्छ । वनगाउँमा रहेको कृषक समूहमा १५ जना किसान आबद्ध छन् । यी किसान कसैले पाँच कट्ठा त कसैले १५ कट्ठा जमिनमा तरकारीखेती गरिरहेका छन् ।

यतिबेला यहाँका बारीमा काक्रा, फर्सी, लौका, भिन्डी, खुर्सानी, टमाटरलगायतको तरकारी छ । पछिल्लो समय उपभोक्ताले पनि विषादीरहित उत्पादनको महत्त्व बुझेपछि बारीमै तरकारी किन्ने आइरहेका छन् । बचेको तरकारी टीकापुर बजारमा लाग्ने हाटबजारमा बिक्री गर्ने गरिएको चौधरीले जानकारी दिनुभयो ।

टीकापुर नगरपालिकाले अर्गानिक तरकारीखेती गर्ने किसानको सहजताका लागि हाटबजारमा छुट्टै 'स्टल' को व्यवस्था गरिदिएको छ । यसरी अर्गानिक खेती गरे पनि बजार मूल्य अन्य तरकारीसरह हुँदा आफूहरू मर्कामा परेको किसानको गुनासो छ । किसान रुविना चौधरीले विषादीरहित र अर्गानिक तरकारीको मूल्य फरक हुनुपर्ने बताउनुभयो ।

"हामीले मानव स्वास्थ्य र वातावरण संरक्षणमा योगदान पुग्ने गरी उत्पादन गरिरहेका छौँ, तर बजार मूल्य भने अन्य तरकारीजस्तै छ", उहाँ भन्नुहुन्छ, "यसले हामी मारमा परिरहेका छौँ । अब सबैले हाम्रो मेहनत बुझ्नुपर्छ, विषादी नहालेको तरकारी उत्पादक किसानलाई प्रोत्साहन गर्न उपभोक्ता र सरकार पनि गम्भीर बन्नुपर्छ ।"

किसानको जीविकोपार्जनमा सुधार र उपभोक्ताका स्वास्थ्य लाभका लागि प्राकृतिक तरकारीखेतीमा लाग्न सेवक नेपाल नामक संस्थाले सहयोग गरिरहेको छ । यसमा टीकापुर नगरपालिकाको पनि सहकार्य छ ।

सेवक नेपालका परियोजना अधिकृत प्रेम चौधरीले संस्थाले समूहमा आबद्ध एक सय ४० जना किसानलाई प्राकृतिक खेतीका लागि बीउबिजन, प्रविधि र अन्य प्राविधिक सहयोग गरिरहेको बताउनुभयो । किसानलाई विषादी र रासायनिक मल प्रयोग गर्न नदिन सचेत गराउनुका साथै विकल्पका रूपमा स्थानीयस्तरमै पाइने सामग्री प्रयोग गरी झोल मल बनाउन सिकाइएको उहाँले जानकारी दिनुभयो । *(रासस)*

# गीत बज्छ स्रष्टा हराउँछन्

पोखरा, ६ वैशाख । गीत बज्ने तर त्यसका स्रष्टा ओझेलमा पर्ने प्रवृत्तिविरुद्ध पोखराबाट सशक्त आवाज उठेको छ । अब कुनै पनि साङ्गीतिक प्रस्तुति दिँदा गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य रूपमा उच्चारण गर्नुपर्ने माग सरोकारवालाहरूले गरेका छन् ।

पोखरामा गीतकार प्रतिष्ठान, नेपालद्वारा आयोजित 'नेपाली गीत/सङ्गीतमा रचनाकार, सङ्गीतकार र गायक/गायिकाको भूमिका' विषयक अन्तरक्रियामा प्रस्तुत अवधारणापत्रमार्फत यस्तो माग अघि सारिएको हो । प्रतिष्ठानका अध्यक्ष अनुराग अधिकारीले साङ्गीतिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरेर सात बुँदे अवधारणापत्र तयार पारिएको जानकारी दिनुभयो ।

अधिकारीका अनुसार अवधारणापत्रले एउटा गीत शब्द, सङ्गीत र स्वरको संयुक्त सृजना भएकाले तीनै पक्षको समान पहिचान सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ । त्यसअनुसार रियालिटी शो, प्रतियोगिता, मञ्चीय कार्यक्रम वा नृत्य प्रस्तुतिमा समेत गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य उच्चारण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले साङ्गीतिक क्षेत्रभित्र देखिएको पहिचानको समस्या समाधान गर्न अब केवल बहस होइन, व्यवहारमै परिवर्तन आवश्यक रहेको सन्देश पोखराबाट उठेको बताउनुभयो । गीतसँगै स्रष्टाको नाम पनि गुन्जिने वातावरण बनाउन सकेमात्र सर्जकको सम्मान र अधिकार सुनिश्चित हुने तथा स्रष्टाको नाम उच्चारण गर्ने विषयमा विशेषगरी सञ्चारमाध्यमहरू सचेत हुनुपर्ने उहाँको भनाइ छ । उहाँले स्रष्टाले आफ्नो अस्तित्वको खोजी गरिरहेको उल्लेख गर्दै रोयल्टी व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।

वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले आफ्ना गीत अरूकै नाममा रेकर्ड हुने र प्रस्तुति दिँदा नामसमेत नलिइने अवस्थाप्रति दुःख व्यक्त गर्दै कार्यक्रम स्रष्टाको न्यायका लागि केन्द्रित भएको बताउनुभयो । उहाँले प्रतिलिपि अधिकारबारे सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो । विम्बकवि तथा गीतकार रमेश श्रेष्ठले स्रष्टाबिना सृजना सम्भव नहुने भन्दै स्रष्टालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालले गुणस्तरीय सङ्गीत उत्पादनका लागि गीतकार, सङ्गीतकार र गायक/गायिकाबिच संवाद र सहकार्य आवश्यकतामा जोड दिनुभयो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सूर्य खड्का 'बिखर्ची'ले एकले अर्काको अस्तित्व स्वीकार्नुपर्ने बताउनुभयो । गायक कर्णदास, गायक रामभक्त जोजिजु, गायक विनोद बानियाँले देशविदेशमा हुने प्रस्तुतिहरूमा गीतसँग सम्बद्ध सबैको नाम अनिवार्य उच्चारण गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष देवेन्द्र केसी 'देबु' र गुरुङ चलचित्रका नायक ताराबहादुर गुरुङलगायतले पनि अवधारणापत्रमाथि धारणा राख्नुभएको थियो । कार्यक्रमकै अवसरमा प्रतिष्ठानद्वारा प्रकाशित भित्तेपात्रो विमोचन गर्नुका साथै २४ नयाँ आजीवन सदस्यलाई सदस्यता प्रदान गरिएको सचिव रुपिन्द्र प्रभावीले जानकारी दिनुभयो । *(रासस)*

। सम्पादकीय ।

# अव्यवहारिक र अपरिपक्व निर्णय : देशमा अन्योल

प्रजातन्त्रलाई जीवनपद्धतिको रूपमा विकास गर्ने हो; निरङ्कुशता लाद्ने होइन । प्रजातान्त्रिक अभ्यासमार्फत प्रजातन्त्रलाई सुदृढ गर्नुपर्ने हो; जनताका अधिकारलाई व्यापक बनाउनुपर्ने हो । तर, सरकारले बहुमतको नाउँमा निरङ्कुश शैलीमा मनपरी निर्णय गरेर प्रजातान्त्रिक प्रक्रियालाई खिल्ली उडाउने काम गर्दै छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था खोलेर आफू अनुकूल चलखेल गर्न पाउने, गतिविधि गर्न पाउने तर आफ्नै देशमा खोलेका दलका जनवर्गीय सङ्गठन या विद्यार्थी सङ्गठन खोल्न नपाउने सरकारको कस्तो विचार ! के नेपालमा स्थापित विद्यार्थी सङ्गठनहरू खारेज गरेर यहाँ अमेरिकी युथ काउन्सिल र बारबरा फाउन्डेसन खोल्ने र खोल्न बढावा दिने ? सरकारमा रहेका मन्त्री र कार्यकर्ताहरू विदेशी सङ्गठनमा आबद्ध हुन पाउने, सङ्गठनमा रहेर चलखेल गर्न पाउने तर नेपालकै विद्यार्थी सङ्गठन खोलेर लाग्न नहुने सरकारको कस्तो द्वैध चरित्र !

विदेशी सङ्घ सङ्गठन खोलेर, विदेशी सङ्घ संस्थामा लागेर सर्वोच्च अदालत, संसद् भवन, सिंहदरबारजस्ता देशका सयौँ सम्पदाहरू आगजनी गर्न पाउने तर विद्यार्थीलाई सुझबुझ बनाएर सङ्गठित गर्न नपाउने सरकारको द्वैध चरित्रले कसरी देशको हित हुन्छ ? देशका अमूल्य सम्पदाका धरोहर जल्दा, खरानी बन्दा उफ्री उफ्री नाच्ने, उत्सव मनाउने विदेशी सङ्घ संस्थामा आबद्ध कार्यकर्ताहरू नै अहिले मन्त्रिपरिषद् र पार्टीमा आबद्ध छन् । देशका व्यापक जनतालाई सैद्धान्तिक, वैचारिक र सांस्कृतिक रूपले सचेत र सङ्गठित पारेर परिवर्तनको पूर्वाधार तयार गर्नुपर्ने बेला अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन सक्रिय बनाएर देशलाई कता पुऱ्याउन लागेको हो ? चिन्ताको विषय छ । देशमा देशविरोधी भावना विकास हुनुका केही कारणमध्ये विदेशी सङ्घ संस्थाको सक्रियता पनि हो । जनभावना बिगार्ने, मन भाड्ने, पैसाको लोभमा फसाउने, पैसामा बिकाउने, कमिसन र भ्रष्टाचारमा लिप्त बनाउने काम सबै गैरसरकारी सङ्घ संस्थाले नै गरेका हुन्छन् । निर्णय प्रक्रियामा ढिलासुस्ती, कमिसन र भ्रष्टाचारमा लिप्त कुनै पनि संस्थाले जनतामा सकारात्मक सन्देश बाँड्दैन ।

रास्वपाको नेतृत्वमा बनेको सरकार कुनै विदेशी शक्ति राष्ट्रको उठबसमा चलेको होइन भने अमेरिकी युथ काउन्सिल र बारबरा फाउन्डेसन खोल्ने र त्यसमा रहेर देशमा चलखेलको राजनीति गर्नुपर्ने होइन । पैसाकै लोभमा कति सांसदहरू विगतमा पार्टीको काम, संसद् छोडेर नै गैरसरकारी संस्थाको काममा सरिक हुन पुगेको खबर सामाजिक सञ्जालमा नआएको होइन । प्रजातान्त्रिक मुलुकमा अझ गणतान्त्रिक मुलुकमा दल खोलेर राजनीति गर्न पाउने राजनीतिक र मौलिक अधिकारलाई सरकारले रोक्न पाउँदैन । अमेरिकी स्वार्थ पूरा गर्न के सरकारको नेतृत्व परिवर्तन भएको हो ? के विदेशी शक्ति राष्ट्रहरूको छत्रछायामा रहेर सरकारको नेतृत्व गर्न संसदीय निर्वाचन भएको हो ? 'हामी नेपाल' का सञ्चालक अहिले गृहमन्त्री बनेका छन् । रास्वपाका नेता तथा कार्यकर्ता अन्य कुन कुन विदेशी सङ्घ संस्थासित सम्बन्धित छन् भन्ने कुरा सार्वजनिक हुँदै छ । एकातिर शासकहरू विदेशी सङ्घसंस्था हुल्याएर देशको अस्मितामा लात मार्दै छ । के यो देशभित्र भइरहेको अकर्मण्यता होइन ?

देशका शासक पार्टीहरू अनेक राजस्वमा रजाइँ गर्न लागेकै कारण जनताको दबाब बढेको हो । संयुक्त राज्य अमेरिकाले विश्वमा साम्राज्य बढाउने क्रममा कति देशलाई आफ्नो नियन्त्रणमा राख्ने नाउँमा आक्रमण गर्ने, प्राकृतिक स्रोत साधन कब्जामा लिने, आन्तरिक द्वन्द्व चर्काउने काम गर्दै छ । आर्थिक नाकाबन्दी गरेर देशको आर्थिक स्थिति कमजोर पार्ने, शक्तिशाली हतियार नष्ट गर्ने, भण्डारणहरू नष्ट गर्ने काममा साम्राज्यवादी देश अमेरिका अगाडि छ । संसारका दर्जनौँ मुलुकमा उसले र उसकै सहयोग र साथमा आक्रमण गरिसकेको छ । अहिले पनि दर्जनौँ मुलुकमा हातहतियारसहितका अमेरिकी सेना तैनाथ छ । सामान ओसार पसारमा बाधा हाल्ने, राष्ट्र प्रमुखहरूको हत्या प्रयासमा साथ दिने, अरुलाई आर्थिक , प्रशासनिक, प्राविधिक क्षेत्रमा कमजोर बनाएर आफू धनी हुने षड्यन्त्र बुन्ने काममा अमेरिका अगाडि छ । देश देशबिच युद्ध चर्काउने, युद्ध चर्काएर हतियार बेच्ने काम गरेरै अमेरिका धनी भएको हो । विदेशी सहयोग ल्याएर, विदेशी शक्ति राष्ट्रलाई खुसी पारेर के देश समृद्ध हुन्छ ? के नेपाली जनता सुखी हुन्छन् ? विदेशी शक्ति राष्ट्रको इसारामा चल्दा न देशमा परिवर्तनको अनुभूति दिन सक्छ न त जनताको विश्वास नै जित्न सक्छ । अमेरिकी स्वार्थ पूरा नहुने देखिएपछि यो सरकारलाई पनि बाँकी राख्ने छैन । अमेरिकी स्वार्थ पूरा गर्ने कि आफूले सरकार छोड्ने ? धर्म सङ्कटमा पर्न सक्छ । विचार नै नगरी केही काम गरेरै छाड्छौँ भन्ने हिसाबले सरकारले अव्यवहारिक र अपरिपक्व निर्णय गरेर देशमा अन्योल छाउने काम गरेको छ । गर्नैपर्ने मुख्य मुख्य काम छोडेर हल्ला फिजाउने खालका स-साना काम गरेको देखाएर सरकार अघि बढेको छ ।

सरकारको सिद्धान्त र विचार स्पष्ट नहुँदा, देशलाई कुन मार्गमा लैजाने भन्ने ठोस नीति नहुँदा हल्ला हुने खालका नीति बनाएर, निर्णय गरेर सरकार ले जनतालाई चित्त बुझाउने काम गर्दै छ । यो सरकारले नेपाल र नेपाली जनताप्रति आश्वस्त र विश्वस्त बनाउन साँच्चै एमसीसी सम्झौता खारेज गर्नुपर्छ; विचाराधीन एसपीपीको प्रावधान पनि छोड्नुपर्छ । बरु, नेपालका व्यापारी व्यवसायी या राष्ट्रिय पुँजीपतिवर्गलाई क्रियाशील बनाएर बन्द भएका उद्योग तथा कल कारखाना सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । विदेशीको भरमा बसेपछि उसले जतिसुकै अपराध या गल्ती काम गरे पनि विरोध गर्न नमिल्ने हुन्छ; विरोध गरेमा उसको सहयोग मात्र रोक्ने होइन सरकार ढाल्ने खेल रच्छ । अत: शासकहरूले जहिल्यै सोच विचार गरेर मात्रै नीति बनाउनुपर्छ; निर्णय गर्नुपर्छ ।

# 'स्टन्ट' मा मग्न गृहमन्त्रीलाई छैन प्रक्रियाको सुझबुझ

✍ धनु विश्वकर्मा

गृहमन्त्री सुधन गुरुङले जसरी कानुनी विधि-विधान मिच्दै गैरन्यायिक पक्राउ गरिरहेका छन्, त्यसले हाम्रो न्यायिक प्रणालीकै खिसी गरिरहेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहसहित १५ जना मन्त्रीले चैत १३ गते शपथ लिएकै दिन बसेको मन्त्रिपरिषद् बैठकले चारवटा निर्णय गऱ्यो । पहिलो, भदौ २३ र २४ मा भएको जेन-जी प्रदर्शन तथा यसअघि भएका विभिन्न आन्दोलनका सम्पूर्ण सहिदलाई सम्मान एवं श्रद्धाञ्जली दिने । दोस्रो, शिक्षा मन्त्रीलाई सरकारको प्रवक्ता तोक्ने । तेस्रो, सरकारका शासकीय सुधारका सय कार्यसूची चैत १४ गते स्वीकृत गर्ने । चौथो भदौ २३ र २४ गते भएका घटनाको जाँचबुझ गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले सरकारसमक्ष पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने । तर, आयोगले सिफारिस गरेको व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गर्ने र उक्त समितिले पेस गरेको सिफारिस बमोजिम गर्ने ।

शपथको पछिल्लो दिन अर्थात् १४ गते सरकारले चौथो नम्बर बुँदालाई सबैभन्दा बढी जोड दियो । सरकारको निर्णयअनुसार गृहमन्त्री सुधन गुरुङ भोलिपल्टै 'एक्सन' मा उत्रिए । मन्त्रालय सम्हालेकै साँझ उनले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा प्रमुखहरूसँग परामर्श गरे । त्यसलगत्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न नेपाल प्रहरीलाई आदेश दिएपछि ओली र लेखकलाई पक्राउ गर्न चैत १४ गते बिहान झिसमिसेमै प्रहरी तैनाथ गरिएको थियो । सुरुमा लेखकलाई भक्तपुरको कटुन्जेस्थित निवासबाट र त्यसपछि भक्तपुरकै गुण्डुबाट ओलीलाई पक्राउ गरिएको थियो ।

सरकारले यसलाई भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग-२०८२, प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार पक्राउ गरिएको तर्क दियो । गौरीबहादुर कार्की नेतृत्वले तयार पारेको प्रतिवेदनले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक, प्रहरी प्रमुख चन्द्रकुवेर खापुङ र काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी ( सीडीओ) छवि रिजाललाई फौजदारी कसुरमा अनुसन्धान अघि बढाउन




सिफारिस गरेको थियो ।

प्रहरीले पूर्वप्रमुख जिल्ला अधिकारी (सिडिओ) रिजाललाई चैत १७ गते पक्राउ गरेर त्यसै दिन जमानीमा छाडेको थियो । एकै मुद्दामा ओली-लेखकलाई १३ दिनसम्म हिरासतमा राखियो तर छविलाई सामान्य सोधपुछपछि छाडियो ।

यद्यपि, यस प्रतिवेदनलाई सरकारले आधिकारिक रूपमा सार्वजनिक गरेको छैन । ओली-लेखक पक्राउमा सरकारले प्रक्रिया नपुऱ्याएको भन्दै आलोचना भयो । चैत १५ गते ओली पत्नी राधिका शाक्यले आफ्ना पतिलाई गैरकानुनी थुनामा राखेको भन्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दिएपछि त्यसैदिन अदालतले ओलीलाई पक्राउ गर्नुको कारण पेस गर्न सरकारको नाममा आदेश जारी गऱ्यो । सर्वोच्चले चैत २३ गते आदेश दिँदै अनुसन्धान चैत २६ गतेभित्र टुङ्ग्याउन भनेको थियो । सर्वोच्चले उक्त मितिसम्म पनि अनुसन्धान नटुङ्गिएमा सर्तसहित छाड्न आदेश दियो ।

ओली र लेखकलाई पक्राउ गर्ने आधार थियो- 'जरुरी पक्राउ पुर्जी' । जरुरी पक्राउका दुईवटा आधार हुन्छन्, पहिलो, भागेर जाने सम्भावना भएमा । दोस्रो, प्रमाण नष्ट गर्ने अवस्था आएमा । पहिलो आधारअनुसार उनीहरू भाग्ने सम्भावना देखिँदैन । ओली त फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा झापा-५ बाट चुनाव उठेका थिए । दोस्रो कारण ओली र लेखक प्रमाण नष्ट गर्ने ठाउँमा अहिले छैनन् ।

वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेल ओली-लेखकको पक्राउ र त्यसपछिको प्रक्रिया असामान्य भएको बताउँछन् । भन्छन्, "यस मुद्दामा जसबाट गोली लाग्यो, त्यो पहिलो अभियुक्त हो । आदेश दिने मान्छे दोस्रो हो । गोली चलाउने पहिलो मान्छे पक्राउ नगरीकन दोस्रो मान्छे पक्राउ गर्न मिल्दैन ।" गोली चलाउने भूमिकामा गृहमन्त्री र प्रधानमन्त्री हुँदैनन् । उनका अनुसार अहिलेसम्म यस्तो मुद्दामा दोषी ठहर भएको नजिर छैन । एउटै मुद्दामा सीडीओलाई पक्राउ नगरीकनै सोधपुछ गरेर छाड्नु र अरुलाई १३ दिन हिरासतमा राख्नु गैरन्यायिक भएको उनको ठम्याइ छ । उनी भन्छन्, "यो सरकारले कानुन र मानव अधिकारको विषयमा हेलचेक्राइँ गरिरहेको छ । प्रमाण र प्रक्रिया पुऱ्याइरहेको छैन ।"

लुम्बिनी प्रदेश सभाकी एमाले सांसद रेखा शर्मालाई काठमाडौँ जिल्लाका न्यायाधीश जगत पौडेलको इजलासले चैत २२ गते हिरासतमुक्त गर्न आदेश दियो । शर्मामाथि एक वर्षअघि श्रम शोषण गरेको आरोप लागेको थियो । त्यसै आरोपको आधारमा उनलाई चैत १५ गते काठमाडौँ धुम्बाराहीस्थित निवासबाट पक्राउ गरियो ।

महान्यायाधिवक्ताको कार्यालयले २०८२ जेठ १६ गते शर्मामाथि मुद्दा नचल्ने निर्णय गरेकोले फेरि त्यही विषयमा प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिएको भनेको थियो । शर्माको हकमा महान्यायाधिवक्ताले गरेको निर्णयविरुद्ध थप प्रमाण खोजेर मुद्दा चल्न सक्छ । तर, अहिलेको पक्राउको कारण यो होइन । एकै विषयमा नयाँ जाहेरी लिएर पक्राउ गरिएको हो । शर्माको सवालमा एकचोटि महान्यायाधिवक्ताले निर्णय गरिसकेकोले त्यसलाई बदर नगरीकन मुद्दा चलाउन नमिल्ने वरिष्ठ अधिवक्ता खरेलको ठहर छ ।

**एउटै मुद्दामा दुई जाहेरी**

शर्माजस्तै उदाहरण कलाकार सागर लम्साल (बले) को पनि छ । बलेविरुद्ध अमेरिकामा चैत २६ गते बलात्कारको आरोपमा उजुरी पऱ्यो । उनलाई एक हप्ताअघि नै पक्राउ गरिएको थियो । एकजना किशोरीले सामाजिक सञ्जालमा एक वर्षअघि लम्सालले आफूलाई बलात्कार गरेको आरोप लगाएपछि यो विषय चौतर्फी उठ्यो । लम्साललाई आरोप लागेको बलात्कारको थियो तर पक्राउ गरियो, अभद्र व्यवहार गरेको भनेर । अदालतले उनलाई हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप्यो । प्रहरीले 'ग्लोबल एटेन्सन' भएकाले पक्राउ गरेको भने पनि उनलाई अभद्र व्यवहारमा पक्राउ गऱ्यो, जुन गैरन्यायिक थियो ।

अधिवक्ता विकास गुप्तामाथि उल्लेखित सबै पक्राउ कानुनको विधिभन्दा बाहिर गएर गरिएको बताउँछन् । उजुरी पऱ्यो भने स्वाभाविक रूपमा छानबिन हुन्छ । त्यसका लागि कार्यविधिभन्दा बाहिर गयो कि गएन भनेर हेरिन्छ । ओली-लेखकको पक्राउ 'सेलेक्टिभ' भएको उनको निष्कर्ष छ । उनले देखेको समस्या यसरी लिपिबद्ध गर्न मिल्छ । पहिलो, कार्की आयोगको प्रतिवेदनको वैधतामाथि प्रश्न छ । आधिकारिक रूपमा सार्वजनिक भएको छैन । दोस्रो, आयोगले २४ गतेको अनुसन्धान गरेको छैन । सुरक्षा निकायको हकमा थप अध्ययन गर्ने भनेको छ । तेस्रो, व्यक्ति विशेषलाई फरकफरक कानुनी व्यवहार गरेको छ ।

रेखा शर्माको सवालमा पनि एकै मुद्दामा दुईपटक जाहेरी हाल्न नमिल्ने बताउँछन्, अधिवक्ता गुप्ता । पहिला नै टुङ्गो लगाएको मुद्दाको निर्णयविरुद्ध जान सकिन्छ । तर, यहाँ त्यस निर्णयको विरुद्ध नभई नयाँ जाहेरीबाट पक्राउ गरिएको छ, जुन कानुनी प्रक्रियाभन्दा बाहिर रहेर गरिएको उनको भनाइ छ । शर्माको पक्षबाट वकालत गरेकी अधिवक्ता राधिका खतिवडा फौजदारी अपराधमा एकै मुद्दामा दुईवटा जाहेरी नहुने बताउँछिन् । भन्छिन्, "जाहेरी परे पनि अनुसन्धान हुँदैन । यो प्रतिशोध थियो ।"

**गृहमन्त्रीको 'स्टन्ट'**

पूर्वप्रहरी नायब महानिरीक्षक हेमन्त मल्ल गृहमन्त्री गुरुङले हरेक दिन फेसबुकमा पोस्ट लेखेर अर्को दिन पक्राउ गर्ने मजाकको विषय भएको बताउँछन् । उनी भन्छन्, "अनुसन्धान प्रहरीले गर्ने हो, गृहमन्त्रीले गर्ने होइन । अहिलेको यो पक्राउ प्रहरीले स्वविवेकले गरेको हो भने यसले गलत नजिर बसालिरहेको छ ।"

यस्ता घटनाले गर्दा प्रहरीप्रतिको विश्वास गुम्न सक्छ । उनी कार्की आयोगको प्रतिवेदनमाथि प्रश्न गर्छन् । उनका अनुसार सुरक्षा निकायलाई अपराधको दोष दिन मिल्दैन । यसअघि पनि प्रहरीलाई अपराधको भार बोकाउन मिल्ने कि नमिल्ने भनी व्यापक छलफल भइसकेको उनी स्मरण गर्छन् । भन्छन्, "सेना, प्रहरी र सशस्त्र प्रहरीको ऐन छुट्टै हुन्छ । फौजदारी अपराधमा टेक्न मिल्दैन । सुरक्षाको ऐनभन्दा बाहिर छ भने त्यसैअनुसारको कारबाही अघि बढ्छ ।" ओली-लेखकमाथि लगाइएको आरोपले पनि गलत नजिर बस्ने उनको तर्क छ । भोलि जुनसुकै घटना भए पनि त्यसको दोष गृहमन्त्री र प्रधानमन्त्रीले लिनुपर्ने परिस्थिति बन्न सक्छ ।

रेखा शर्मा र सागर लम्साल दुवैको पक्राउको प्रक्रिया नमिलेको बताउँदै मल्ल भन्छन्, "सामान्यतया पहिले सुन्ने अनि थुन्ने हो । तर, यहाँ पहिले थुन्ने अनि सुन्ने काम भयो ।"

मानवअधिकारकर्मी तथा वरिष्ठ अधिवक्ता राजु चापागाईं फौजदारी अभियोगका लागि पक्राउ अनिवार्य नभएको तर आवश्यकताअनुसार हुनेमा बताउँछन् । उनी भन्छन्, "अनुसन्धानका लागि पक्राउ पहिलो सर्त होइन । न्याय दिएजस्तो गर्नका लागि समाजको सेन्टिमेन्ट तान्नका लागि यस्तो गरिएको छ । यो प्रवृत्ति बढ्दो छ ।" यसले दण्डहीनता बढाउने भन्दै सरकारले अहिले थालेको पक्राउ समाजलाई सन्तुष्ट पार्नका लागि गरिएको 'स्टन्ट' भएको आरोप लगाउँछन्, चापागाईं । गृहमन्त्री आफैँले प्रवक्ताका रूपमा काम गरेको देखिन्छ । यसमा प्रहरी स्वायत्त छैन । गृहमन्त्रीले फेसबुकमार्फत सूचना दिनु भनेको राजनीति हाबी भएको उनको ठम्याइ छ । उनी यसको जोखिमबारे उल्लेख गर्दै भन्छन्, 'पक्राउ पर्नु' भनेको दोषी करार भएको होइन । यसले गर्दा हिंसा हुन्छ, मिडिया ट्रायल हुन्छ । फौजदारी जवाफदेहिता कमजोर हुन्छ ।"

# सवारी दुर्घटनासम्बन्धी कानुनी व्यवस्था, सिद्धान्त र व्यवहार



रामप्रसाद प्रजापति

**सवारी दुर्घटना**

अधिकांश सवारी दुर्घटनाका मुद्दा सामान्यतया यस्तो खालको फौजदारी मुद्दा हुने गर्दछ, जुन मुद्दामा आपराधिक क्रियाकलाप अर्थात् घटना त प्रस्ट देखिएको हुन्छ, तर कसुरदारको आपराधिक मनसायको भने अभाव देखिने गर्दछ ।

फौजदारी कानुनको सिद्धान्तअनुसार कुनै व्यक्ति कसुरदार ठहर हुनलाई दुई वटा आधारभूत तत्त्वहरू अनिवार्य रूपमा रहेको हुनुपर्दछ । १, आपराधिक मनसाय तत्त्व (Mens rea) र २, आपराधिक कार्य (Actus reus) ।

तर सवारी दुर्घटनाबाट हुने अपराधका कसुरदारमा भने आपराधिक क्रिया प्रस्ट देखिए तापनि आपराधिक मनसाय अर्थात् अपराध गर्ने मनसाय तत्त्वको अभाव रहने गरेको देखिन्छ । यसलाई सर्वोच्च अदालतले सवारी दुर्घटनाका मुद्दाहरूमा व्याख्या गर्ने क्रममा लापरबाही तत्त्वलाई नै आपराधिक मनसाय भएको फैसलाहरूमा उल्लेख गने गरेको पाइन्छ ।

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन जारी भएको ऐनको प्रस्तावनामा उल्लेख छ ।

ऐनको उल्लिखित प्रस्तावनालाई सामान्य ढङ्गमा बुझ्दा ऐन सवारी दुर्घटनासँग सम्बन्धित विविध पक्षका सम्बन्धमा मिहीन रूपमा व्याख्या गरेको हुनुपर्दछ भन्ने लाग्नु स्वाभाविक हो ।

तर ऐनमा गरिएका कानुनी व्यवस्थाहरूलाई सरसरति हेर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले "सवारी साधनको वर्गीकरण, सवारी दर्तासम्बन्धी, सवारी चालक अनुमतिपत्रसम्बन्धी, यातायात व्यवस्थापन, आवागमन नियन्त्रण, बीमासम्बन्धी, विभागको काम, कर्तव्य र अधिकार, सजायसम्बन्धी व्यवस्था र विविध गरी ११ परिच्छेदमा सवारी तथा यातायात व्यवस्थासम्बन्धी कानुनी व्यवस्था गरेको पाइन्छ ।

उल्लिखित कानुनी व्यवस्थाहरूमध्ये परिच्छेद ७ अन्तर्गतका आवागमन नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था र परिच्छेद १० अन्तर्गतको सजायसम्बन्धी व्यवस्था सवारी दुर्घटनासँग प्रत्यक्ष रूपमा सम्बन्ध रहने कानुनी व्यवस्थाहरू हुन् ।

ती दुई वटा परिच्छेदहरूमध्ये प्रत्यक्षतः सवारी दुर्घटनाका सम्बन्धमा आकर्षित हुने कानुनी व्यवस्था ऐनको परिच्छेद १० अन्तर्गत दफा १६० देखि दफा १६४ सम्म 'सजायसम्बन्धी व्यवस्था' शीर्षकमा महत्त्वपूर्ण व्यवस्था गरेको पाइन्छ ।

दफा १६० मा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई ६ महिनासम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी जफत हुने व्यवस्था छ । त्यस्तै अन्य विभिन्न दफाहरूविपरीतको कार्य गर्ने गराउने हुने सजायका बारेमा उल्लेख छ ।

त्यस्तै दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने विभिन्न ट्राफिक नियम उल्लङ्घनका विषयहरूका सम्बन्धमा हुने सजायका बारेमा उल्लेख गरिएको पाइन्छ ।

**ज्यान मरेमा हुने सजायसम्बन्धी कानुन र सिद्धान्त**

सवारी दुर्घटना र सवारी दुर्घटनामा परी घाइते हुने, अङ्गभङ्ग हुने वा ज्यान गएमा हुने सजायका सम्बन्धमा ऐनको दफा १६१, १६२ र १६३ मा व्यवस्था गरिएको छ, जुन सवारी दुर्घटनासम्बन्धी मुद्दाको अनुसन्धान, कारबाही र सजायका लागि पर्याप्त भने होइन ।

दफा १६१ को उपदफा (१) मा सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको, सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणामस्वरूप एक्काइस दिनभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुने कानुनी व्यवस्था गरेको पाइन्छ । ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुने व्यवस्था गरेको छ ।

दफा १६१ को उपदफा (२) मा कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनुपर्ने सतर्कता नअपनाई कसैले लापरबाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई कसैको ज्यान मरेमा कसुरको मात्रा अनुसार तीन वर्षदेखि दस वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको पाइन्छ ।

त्यस्तै दफा १६१ को उपदफा (३) मा कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले सवारी चलाउँदा दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहेबसेको कुनै मानिसको मृत्यु हुन गएमा सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

यसरी दफा १६१ को उपदफा (१), (२) र (३) ले सवारी दुर्घटनामा परी सवारी भित्र वा बाहिर रहेका कुनै मानिसको ज्यान गएको खण्डमा सवारी ज्यान मुद्दा लाग्ने अलग अलग तीन किसिमका मुद्दा लाग्ने सम्बन्धमा कानुनी व्याख्या गरेको देखिन्छ ।

सोही दफा १६१ को उपदफा (४) मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाएकोमा थप दुई हजार रुपैयाँ जरिवाना हुने कानुनी व्यवस्था रहेको पाइन्छ । जुन अपर्याप्त हुनुका साथै कानुनी व्याख्याको विषय बनेको छ ।

ऐनको दफा ४५ बमोजिम कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

सो सम्बन्धमा पछिल्लो समय सर्वोच्च अदालतबाट एउटा सवारी ज्यान मुद्दामा "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१ (२) को लापरबाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एक अर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरबाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ । जसमा दफा १६१ को उपदफा (३) आकर्षित नभई लापरबाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१ (२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिम सजाय हुने ।" "सवारी चलाउने व्यक्तिमा अनिवार्य रूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउधनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले कानुनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनु अघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने" भन्ने फैसला भयो । उक्त फैसला नेपाल कानुन पत्रिका (नेकाप) २०७५ को अङ्क ३ निर्णय नं. ९९६५ मा नजिरका रूपमा प्रकाशित छ ।

यसै सन्दर्भमा नेकाप २०७१ अङ्क १२ नि.नं. ९३०४ मा सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैमा लापरबाहीपूर्ण कार्य हो । त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागि वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरबाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको मान्नुपर्ने भन्ने नजिर सिद्धान्त प्रतिपादित छ । नेकाप २०७४ अङ्क ४ नि.नं. ९७९४ मा पनि सोहीबमोजिम फैसला भएको पाइन्छ ।

सर्वोच्च अदालतलाई अभिलेख अदालत मानिने र सर्वोच्च अदालतले गरेका फैसला तल्लो तहका अदालतहरूले मान्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ । सर्वोच्च अदालतले कानुनमा प्रस्ट नभएको, दुविधाजनक व्यवस्थाहरूको व्याख्या गर्न सक्ने अधिकारक्षेत्र समेत ग्रहण गरेको हुँदा सर्वोच्च अदालतले गरेको अन्तिम फैसलालाई नजिर मानी कानुनसरह मान्नुपर्ने हुन्छ ।

त्यसपछिका सबै सवारी ज्यान मुद्दाहरूमा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई सवारी दुर्घटनामा परी कुनै मानिसको ज्यान गएको खण्डमा ऐनको दफा १६१ को उपदफा (२) बमोजिम तीन वर्षदेखि १० वर्षसम्म कैद सजाय माग दाबी लिई सवारी ज्यान मुद्दा लाग्ने अवस्था आयो ।

सर्वोच्च अदालतको उक्त फैसला प्रकाशित हुनुभन्दा अगाडि सवारी अनुमतिपत्र (लाइसेन्स) नलिई सवारी चलाएको अवस्थामा पनि यदि सवारी चलाउन जान्ने, सावधानीपूर्वक सवारी चलाएको देखिएको अवस्थामा ऐनको दफा १६१ को उपदफा (३) बमोजिम एक वर्षसम्म कैद सजाय वा दुई हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने फैसला गर्ने गरिएको पाइन्छ ।

सर्वोच्च अदालतका नजिर फैसलाहरूको अध्ययन गर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिम सजाय हुन, मानिस मार्ने मनसायले सवारी चलाएको अवस्था नभएको तर कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने जानी जानी र लापरबाही गरी सवारी चलाएको हुनु अनिवार्य छ । लापरबाही मापनका लागि सामान्यतया तीन अवस्था हुनुपर्दछ : १, सम्भावित परिणामको पूर्वानुमान (Knowlledge), २, स्वेच्छिक कार्य (Voluntary act) र ३, चालकको अनुचित खतरा मोल्ने वा जोखिम लिने प्रयास (Recklessness) । फौजदारी कानुनमा लापरबाहीको परिभाषा गर्दा, चालक वा कर्तालाई सम्भावित परिणामबारे पूर्वज्ञान (knowledge) हुँदाहुँदै चालक वा कर्ताले आफ्नो कार्यमा सजगता अपनाएको वा होस पुऱ्याएको भए सम्भावित परिणामलाई टार्न सकिने अवस्था थियो वा थिएन भन्ने परिघटनाबाट मापन गरिने भन्ने नजिर सिद्धान्त रहेको पाउँछौं । यस्तो नजिर पछिल्लो समय नेकाप २०७८ अङ्क ७ निर्णय नं. १०६९६ र त्यसपछिका सवारी ज्यानसम्बन्धी मुद्दाका नजिरहरूमा पनि प्रकाशित रहेको पाइन्छ ।

तर नेपाल कानुन पत्रिका २०७५ अङ्क ३ मा प्रकाशित नजिरपछि भने लापरबाही तत्त्वलाई व्याख्या गर्ने क्रममा चालकको 'सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) को अभाव' लाई पनि जोडिन थालेको देखिन्छ ।

सवारी चालक अनुमतिपत्र भएको हकमा भने दफा १६१ को उपदफा (२) बमोजिम सजाय माग दावी गरेको मुद्दाहरूमा पनि सर्वोच्च अदालतले तल्लो तहको फैसलाहरूमा रहेको त्रुटि सच्याई सुधारका साथ फैसला गर्ने गरेको पाइन्छ । जस्तैः नेकाप २०७५ को अङ्क ९ मा प्रकाशित निर्णय नं. १०१०३ भएको सवारी ज्यान मुद्दामा सर्वोच्च अदालतले पूर्वानुमान नगरिएको, काबु बाहिरको कारण परी हुने दुर्घटनालाई मानवीय गल्ती नै हो भनी किटान गर्नु विवेक सम्मत नहुने । तथा कुनै पनि वारदातमा यदि परिणामको पूर्वज्ञान हुँदाहुँदै पनि जोखिम उठाउने तत्परता देखिएको छ भने लापरबाही भएको मान्न पनि सकिन्छ । तर, परिणामको इच्छा नभएको, सावधानी अवलम्बन गर्न खोज्दाखोज्दै पनि अनिच्छित परिणाम आएको अवस्थामा लापरबाही गरेको भनी बढी सजाय गर्न मनासिब हुने नदेखिने । भन्ने फैसला भएको पाइन्छ ।

**ज्यान मरेमा हुने सजाय**

| दफा | दुर्घटनाको अवस्था | कसुरको मात्रा अनुसार हुने सजाय |
|---|---|---|
| १६१(१) | ज्यान मार्ने मनसाय लिई सवारी दुर्घटना गराएको | जन्मकैद (प्रचलित कानुनअनुसार २५ वर्ष कैद) |
| १६१(२) | ज्यान मर्न सक्ने देखिँएको, सतर्कता नअपनाएको, लापरवाही गरेको देखिएमा | तीन वर्षदेखि १० वर्षसम्म कैद, तीस हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना |
| १६१(३) | ज्यान मर्न सक्ने नदेखिएको सावधानीपूर्वक सवारी चलाएको | एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै |

**सवारी धनीलाई हुन सक्ने सजाय**

दफा १६१ को उपदफा (५) मा भने सवारीधनीले वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

त्यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ ले सवारी दुर्घटनामा परी कुनै मानिस घाइते भएको छ । साधारण उपचारबाट उनको चोट निको नहुने देखिन्छ अथवा उनको कुनै मानव अङ्ग काम नलाग्ने, नचल्ने गरी क्षति भएको छ भने त्यस्तो अवस्थामा सवारी अङ्गभङ्गको मुद्दामा कारवाही हुने कानुनी व्यवस्था छ ।

**सवारी अङ्गभङ्ग**

दफा १६२ ले सवारी दुर्घटना भई सवारीमा रहेको वा बाहिर जुनसुकै ठाउँमा बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए सवारी चलाउने व्यक्तिलाई ३ वर्षदेखि १० वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । त्यस्तो चोट वा खत निको भई काम लाग्ने भएमा पाँच हजार रुपैयाँ जरिवाना हुनेछ ।

चालक अनुमतिपत्र नभएको अवस्थामा पाँच हजार रुपैयाँ थप जरिवाना हुने व्यवस्था छ । चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिएमा सवारी धनी वा सवारी जिम्मा लिने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था दफा १६२ को उपदफा (३) मा रहेको पाइन्छ । उपदफा (३) को सवारी धनी वा सवारी जिम्मा लिनेलाई हुने सजाय अलि बढी हो कि ?

**व्यवहारमा सवारी ज्यान मुद्दा**

सडक दुर्घटनामा परी कसैको ज्यान मरेकोमा सवारी ज्यान मुद्दाको अनुसन्धान र कारबाही हुन्छ । अनुसन्धान र मुद्दाको रोहबाट बाहेक अन्य तरिकाबाट सवारी चलाउने व्यक्तिले उन्मुक्ति पाउन सकिँदैन ।

यस सम्बन्धमा कान्तिपुर पब्लिकेसनका सञ्चालक कैलास सिरोहियाका छोराको ६१०० नं.को गाडी दुर्घटनालाई सुरुमा ढाकछोप गरे तापनि पछि प्रकाशमा आएको उदाहरण पर्याप्त छ ।

सामान्यतया सवारी साधन सडक दुर्घटनामा परी कसैको ज्यान मर्न गएको रहेछ भने जानीजानी गरेको अनुमान गर्न सकिन्न । सवारी चालकले आफ्नो बलबुद्धिले भ्याएसम्म जोगाउन खोज्दा खोज्दै आफ्नो काबु बाहिरको परिस्थिति परेर मात्रै दुर्घटना भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

तर कहिलेकाहीं सवारी चालकको सवारी चलाउँदा ध्यान नदिने, लापरबाहीपूर्वक सवारी हाँक्ने, सवारी साधनको उचित जाँच नगर्ने, सवारी चलाउँदा ट्राफिक नियमको पालना नगर्ने कारणबाट पनि सवारी दुर्घटना भएको हुनसक्छ ।

सामान्यतया सवारी दुर्घटनापछि तत्काल ट्राफिक प्रहरी पुग्ने र सडक दुर्घटना प्रतिवेदन तयार गर्ने गर्दछ । तर, अधिकांश सडक दुर्घटना प्रतिवेदन वैज्ञानिक र तथ्यपरक नहुने, हचुवामा बनाउने, कुनै बेला त २/४ दिनपछि मात्रै प्रतिवेदन बनाउने (घाइते केही दिनपछि मात्रै मृत्यु भएको अवस्थामा) कारणले प्रतिवेदन विश्वसनीय नहुनुका साथै सवारी दुर्घटनाको कारण, अवस्था र कसुरदारको दोषका सम्बन्धमा धेरै कुराको अभाव हुने गरेको देखिन्छ ।

कमजोर अनुसन्धान प्रतिवेदनले पक्कै पनि मुद्दालाई कमजोर बनाउँछ । सर्वसाधारणको आशङ्का बढ्नु स्वाभाविक हो कि कमजोर प्रतिवेदन बनाई सवारी चालकलाई छुटाउन ट्राफिक प्रहरी र अनुसन्धान अधिकृत (प्रहरी) को मिलेमतो भयो कि ?

कहिलेकाहीं भने त्यस्तो हचुवा अनुसन्धान प्रतिवेदन तथा सडक दुर्घटना प्रतिवेदनले गर्दा निर्दोष तथा कम दोषी सवारी चालकले पनि अनाहकमा कडा सजाय भोग्न बाध्य हुनुपरेको छ ।

त्यसैले सवारी दुर्घटना हुनेबित्तिकै वैज्ञानिक रूपमा सडक दुर्घटना प्रतिवेदन तथा प्रतिवेदनमा वास्तविक घटना विवरण, घटना हुनुको कारण र दुर्घटना स्थलको वास्तविक चित्रण प्रस्ट रूपमा उल्लेख हुनु जरुरी छ ।

सकेसम्म सीसीटीभी क्यामेराको रेकर्ड समावेश गर्नु राम्रो हुन्छ । तर, कतिपय अनुसन्धान प्रतिवेदनहरू पेस गर्ने क्रममा अनुसन्धान अधिकृत तथा सरकारी वकिलको कार्यालयबाट त्यस प्रकारका वैज्ञानिक उपकरणबाट खिचिएका तथ्यपरक सबुद प्रमाणहरू पेस नै नगरिँदा न्यायिक फैसला नहुने गरेको पाइन्छ ।

अदालतबाट फैसला हुँदा कुनै पनि पक्षले आफूलाई अन्याय भएको महसुस गर्न पर्ने स्थिति उत्पन्न हुनु हुँदैन । पीडित पक्षले पनि न्याय पाएको र कसुरदारले पनि आफ्नो कसुरको मात्राअनुसार सजाय पाई प्रायश्चित गर्न पाएको अनुभूति गर्न सक्ने फैसला हुनु जरुरी छ । जसका लागि सुरु सडक दुर्घटना प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, मौकाको बयान (रेकर्ड गर्न पाउने कानुनी व्यवस्था भए अझै राम्रो) सबुद प्रमाण, साक्षी प्रमाण, विभिन्न अन्य प्रतिवेदनहरू तथा अनुसन्धान प्रतिवेदन चुस्त दुरुस्त हुनु जरुरी छ ।

**आवागमन तथा ट्राफिक नियम पालना गर्नुपर्ने**

त्यसैले ऐनको परिच्छेद ७ मा आवागमन नियन्त्रण शीर्षकमा विभिन्न ट्राफिक नियमको पालना गर्नुपर्ने कानुनी व्यवस्था गरेको पाइन्छ । जस्तो : सवारीको गति निर्धारण, सवारीको वजन, सवारीमा राखिने मानिस र मालसामानको हद, सवारी चलाउन प्रतिबन्ध लगाउन सक्ने, ट्राफिक सङ्केतको पालना गर्नुपर्ने, पार्किङ स्थल र बस बिसौनी निर्धारण गर्ने, सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने, सवारीको अन्य भागमा मानिस राख्न नहुने, चालकलाई बाधा पुग्ने काम गर्न नहुने, आवागमनमा बाधा पार्न नहुने, सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिह्न राख्नुपर्ने, सवारीमा साङ्केतिक चिह्न राख्नुपर्ने, सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने, दुर्घटनामा परेको सवारी र यात्रीको हानि-नोक्सानी गर्न नहुने, सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनुपर्ने, दुर्घटना भएमा चालकले उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्ने, पैदल हिँड्ने मानिस सडक पेटी भएको ठाउँमा सडक पेटीबाट हिँड्नुपर्ने, निर्धारित ठाउँ (जेब्रा क्रसिङ, आकासे पुल) बाट मात्र बाटो काट्नुपर्ने, पाल्तु पशुपन्छी छाड्न नहुने, चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने, मादक तथा लागूपदार्थ सेवन गरी सवारी चलाउन नहुने, राति सवारी चलाउँदा बत्ती बाल्नुपर्ने, अवस्था ठीक नभएको सवारी चलाउन नहुने, लापरबाहीसाथ सवारी चलाउन नहुने आदि व्यवस्था गरेको पाइन्छ ।

यी सवारी आवागमन तथा ट्राफिक नियमको उल्लङ्घनका कारणबाट पनि सवारी दुर्घटना हुने गरेको पाइन्छ । सबै सवारी दुर्घटना सवारी चालकको कारणबाट मात्रै नहुने रहेछ भन्ने कुरा उल्लिखित कानुनी व्यवस्थाबाट पनि बुझ्न सकिन्छ ।

यसरी सवारी चालकको कमजोरी वा गल्तीका कारण नभई सडकमा हिँड्ने बटुवाको कारण, सडक निर्माण गर्ने ठेकेदारको लापरबाहीका कारण, अर्को सवारी साधनको लापरबाहीका कारण वा अन्य तेस्रो पक्षको कारण सडक दुर्घटना हुँदा पनि सवारी चालकलाई बदनियतपूर्वक कसुरदार करार गरी फसाउन नहुने हो तर यस्तो अवस्थाको अन्त्य हुन सकेको छैन ।

**सवारी दुर्घटनाका सम्बन्धमा प्रचलित केही मिथ्याहरू : मिलापत्र भएमा मुद्दा नचल्ने**

सवारी दुर्घटना भई कसैको ज्यान गएको छ वा कसैको अङ्गभङ्ग भएको छ तापनि पीडित पक्षसँग उपचार तथा क्षतिपूर्तिको कुरा मिलेपछि मुद्दा चल्दैन वा मुद्दै चले पनि थोरै सजाय हुने

*बाँकी पृष्ठ ८ मा*

# रोबोटले तोड्यो म्याराथनमा मानव कीर्तिमान




पेइचिङ, ६ वैशाख (एपी)। चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा पेइचिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्व कीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ। यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको सङ्गममा नयाँ युग सुरु भएको सङ्केत दिएको छ।

पेइचिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (पेइचिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो। यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगान्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीय रूपमा छिटो हो।

गत वर्ष पहिलोपटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले २ घण्टा ४० मिनेट ४२ सेकेन्डमा दूरी पार गरेको थियो। त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ। प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीय रूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोलीसमेत समावेश थिए।

दौड पूर्ण रूपमा सहज भने रहेन। केही रोबोटहरू प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोक्किएका थिए। यद्यपि, आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटहरूले कुनै मानवीय हस्तक्षेपबिना स्वायत्त रूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत सञ्चालन गरिएका थिए।

प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको सङ्केत र आवाजमार्फत निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ।

चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषय मात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ। विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै पेइचिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ। सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ।

लन्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिट्री रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्व बजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपङ्क्तिमा उभिएका छन्। ती कम्पनीहरूले गत वर्ष मात्र हजारौँ युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्दछ।

यस घटनाले केवल एउटा दौड जित्ने उपलब्धि मात्र नभई, मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको सङ्केत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# अमेरिकासँग दूरी, युरोपतर्फ बेलायतको झुकाव

लन्डन, ६ वैशाख (एएफपी)। इरानसँगको युद्ध र त्यससँग जोडिएको कूटनीतिक तनावले अमेरिकासँग बेलायतको परम्परागत 'विशेष सम्बन्ध' मा चिसोपना ल्याएपछि बेलायतले पुनः युरोपेली सङ्घ (इयु) तर्फ नजिकिने रणनीति तीव्र बनाएको छ। सरकार आगामी महिना नयाँ कानुनमार्फत् युरोपसँगको सम्बन्ध पुनर्संरचना गर्ने तयारीमा पुगेको छ, जसलाई बदलिँदो अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको सन्दर्भमा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

प्रधानमन्त्री किर स्टार्मर नेतृत्वको सरकारले 'इयु रिसेट' विधेयक ल्याउने तयारी गरेको छ, जसले बेलायतलाई इयुका नियमहरूसँग क्रमशः मिलाउन सक्ने अधिकार दिनेछ। यसलाई 'डायनामिक एलाइनमेन्ट' भनिएको छ, जसले आर्थिक र व्यापारिक सहकार्यलाई सहज बनाउने अपेक्षा गरिएको छ। एक सरकारी अधिकारीका अनुसार राजा चार्ल्स तृतीयले मे १३ मा संसद्मा सरकारको आगामी संसदीय योजना प्रस्तुत गर्दा यसबारे औपचारिक घोषणा गरिनेछ।

विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अप्रत्याशित व्यवहार र बेलायतप्रति कठोर अभिव्यक्तिले लन्डनलाई वैकल्पिक साझेदारीतर्फ सोच्न बाध्य बनाएको विश्लेषण गरिएको छ। ब्रिटिस फरेन पोलिसी ग्रुपका निर्देशक इभी एस्पिनलका अनुसार इरान युद्धले पहिले नै युरोपसँग नजिकिन चाहिरहेको बेलायती सरकारलाई थप गति दिएको छ।

सन् २०२४ को आम निर्वाचनमा लेबर पार्टीले जित हासिल गरेपछि स्टार्मरले निरन्तर रूपमा युरोपसँग गहिरो आर्थिक र सुरक्षा सहकार्यको पक्षमा आवाज उठाउँदै आउनुभएको छ। हालै डच नेता रोब जेटेनसँगको भेटमा उहाँले वर्तमान चुनौतीहरूको सामना गर्न बेलायत-इयु साझेदारीलाई नयाँ स्वरूप दिन आवश्यक रहेको बताउनुभएको थियो।

इयु बेलायतको सबैभन्दा ठुलो व्यापारिक साझेदार रहँदै आएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले समेत इरान द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित हुने उन्नत अर्थतन्त्रमध्ये बेलायत पर्ने चेतावनी दिएको छ। यसले पनि युरोपसँगको सहकार्यलाई पुनः प्राथमिकतामा ल्याएको देखिन्छ। एक बेलायती अधिकारीले इरान सङ्कटले यो पुनर्संरचना अझ आवश्यक बनाएको स्वीकार गरेका छन्।

स्टार्मरले फेब्रुअरी २८ मा अमेरिका र इजरायलले सुरु गरेको प्रारम्भिक आक्रमणमा बेलायतलाई प्रत्यक्ष रूपमा संलग्न गराउन अस्वीकार गर्नुभएको थियो, जसले ट्रम्प प्रशासनलाई असन्तुष्ट बनाएको थियो। यद्यपि, उहाँले अमेरिकी सेनालाई सीमित रक्षात्मक प्रयोजनका लागि बेलायती सैन्य आधार प्रयोग गर्न अनुमति दिनुभएको थियो। यसबिच ट्रम्पले बेलायतसँगको व्यापार सम्झौता खारेज गर्ने धम्कीसमेत दिएका छन्, जसले दुई देशबिचको सम्बन्ध थप तनावपूर्ण बनाएको छ।

ब्रेक्सिटपछिको व्यापार नीतिका विज्ञ डेभिड हेनिगका अनुसार ट्रम्पको अविश्वसनीय नीतिले बेलायत-इयु सम्बन्धमा नयाँ मोड दिएको छ। उहाँले स्वतन्त्र व्यापार नीतिभन्दा इयुसँग सहकार्य बढी व्यवहारिक विकल्प देखिएको उल्लेख गर्नुभयो।

सरकारले आगामी महिनाहरूमा इयुसम्बन्धी कानुन संसद्मा पेस गर्ने तयारी गरेको छ। यो सन् २०१६ को ब्रेक्सिट जनमतसङ्ग्रहको १० औं वार्षिकोत्सवको आसपास हुन सक्छ। प्रस्तावित व्यवस्थाअनुसार सांसदहरूले इयु नियमहरू अपनाउने प्रक्रियामा कतिपय अवस्थामा पूर्ण मतदानबिनै अनुमोदन दिने अधिकार पाउनेछन्।

यस पहलअन्तर्गत खाद्य तथा वनस्पति निर्यातमा झन्झट कम गर्ने व्यापार सम्झौता र बेलायतलाई इयुको आन्तरिक विद्युत् बजारसँग जोड्ने योजना समावेश छन्। साथै, बेलायत र इयुबिच युवा आवागमन योजनासम्बन्धी वार्ता पनि अन्तिम चरणमा पुगेको छ, जसलाई जुनको अन्त्य वा जुलाईको सुरुमा हुने संयुक्त शिखर सम्मेलनमा टुङ्ग्याउने लक्ष्य राखिएको छ।

यद्यपि स्टार्मरले बेलायतलाई पुनः एकल बजारमा फर्काउने वा स्वतन्त्र आवागमन पुनःस्थापना गर्ने सम्भावना अस्वीकार गर्नुभएको छ। लिबरल डेमोक्रेट्सले भने बेलायतले इयुसँग भन्सार सङ्घको सम्भावनाबारे पनि छलफल गर्नुपर्ने धारणा राखेका छन्।

ब्रेक्सिट अझै पनि बेलायती राजनीतिमा संवेदनशील विषय बनेको छ। निगेल फराज नेतृत्वको रिफर्म युके पार्टीले इयुसँग नजिकिने कुनै पनि प्रयासलाई जनमतसङ्ग्रहको निर्णयविरुद्धको 'विश्वासघात' भन्दै आलोचना गरेको छ। तर पछिल्ला सर्वेक्षणहरूले धेरै बेलायती मतदाताले इयु छोड्ने निर्णयप्रति पछुतो व्यक्त गरिरहेको देखाउँछन्, जसलाई स्टार्मर सरकारले अवसरका रूपमा लिएको छ।

यसैबिच, बढ्दो जीवनयापन खर्च र आर्थिक दबाबले पनि जनमतमा प्रभाव पारेको छ। अर्थमन्त्री रेचल रिभ्सले ट्रम्पले स्पष्ट रणनीतिबिना युद्ध सुरु गरेको आरोप लगाउँदै त्यसको असर बेलायती परिवारमा परेको बताउनुभयो।

विश्लेषक एस्पिनलका अनुसार अमेरिकासँगको सम्बन्ध कमजोर बन्दै जाँदा इयुसँगको घनिष्ठ सम्बन्धप्रति जनताको विरोध क्रमशः घट्दै गएको छ, जसले बेलायतको विदेश नीति नयाँ दिशातर्फ मोडिएको सङ्केत गर्दछ।

# हर्मुजमा पुनः तनाव
# अन्तिम सम्झौता अझै टाढा

तेहरान, ६ वैशाख (एएफपी)। इरानले संयुक्त राज्य अमेरिकाले आफ्ना बन्दरगाहहरूमाथिको नौसैनिक नाकाबन्दी नहटाएसम्म होर्मुजको जलडमरू पूर्ण रूपमा खुला नहुने स्पष्ट पारेसँगै क्षेत्रीय तनाव पुनः चुलिएको छ। केही समयका लागि खुलेको जलमार्ग फेरि अनिश्चित बनेपछि विश्व ऊर्जा बजारमा पनि पुनः चासो र चिन्ता बढेको छ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले टेलिभिजनमार्फत् सम्बोधन गर्दै अमेरिकासँग भइरहेको वार्तामा केही प्रगति भए पनि आधारभूत विषयहरूमा अझै गहिरो मतभेद रहेको बताउनुभयो। उहाँका अनुसार अन्तिम शान्ति सम्झौता तत्काल सम्भव देखिँदैन र वार्ता अझै निर्णायक चरणमा पुगेको छैन। इजरायल र अमेरिकासँगको युद्ध अन्त्य गर्ने उद्देश्यले भइरहेको संवादमा धेरै जटिल पक्षहरू बाँकी रहेको उहाँको भनाइ थियो।

दुई साताका लागि गरिएको युद्धविराम बुधबार समाप्त हुने तयारीमा छ, जसले आगामी अवस्था थप अन्योलपूर्ण बनाएको छ।

शुक्रबार इरानले लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहसँग इजरायलबिच सहमति भएपछि होर्मुज जलडमरू खुला गरिएको घोषणा गरेको थियो। विश्वको करिब पाँचौं भाग तेल र तरलीकृत प्राकृतिक ग्यास यही मार्गबाट ओसारपसार हुने भएकाले यस निर्णयले विश्व बजारमा राहत दिएको थियो र तेलको मूल्य घटेको थियो। तर अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी कायम राख्ने अडान लिएपछि तेहरानले पुनः जलमार्ग सीमित गर्ने सङ्केत दिएको हो।

"यदि अमेरिकाले नाकाबन्दी हटाएन भने होर्मुजमा आवागमन निश्चित रूपमा सीमित हुनेछ", कालिबफले चेतावनी दिनुभयो। यसैबिच इरानका सर्वोच्च नेता मोजताबा खमेनीले लिखित सन्देशमार्फत् इरानी नौसेना अमेरिकाविरुद्ध लड्न पूर्ण रूपमा तयार रहेको उल्लेख गर्नुभएको छ।

तनावबिच इरानको रिभोलुसनरी गाड्र्सले अनुमति बिनाजलडमरू पार गर्ने जहाजहरूलाई शत्रुसँगको सहकार्य मानिने र आवश्यक परे 'लक्षित' गरिने चेतावनी दिएको छ। छोटो समयका लागि खुल्दा केही तेल र ग्यास ट्याङ्करहरू पार भए पनि धेरै जहाजहरू पछि हटेका छन् र शनिबार दिउँसोसम्म जलमार्ग प्रायः सुनसान देखिएको ट्र्याकिङ तथ्याङ्कले देखाएको छ।

समुद्री सुरक्षासम्बन्धी बेलायती एजेन्सीले एक ट्याङ्करमाथि गोली प्रहार भएको जानकारी दिएको छ भने भ्यानगार्ड टेक नामक सुरक्षा फर्मका अनुसार इरानी सेनाले खाडी क्षेत्रबाट बाहिरिँदै गरेको एक खाली क्रूज जहाजलाई नष्ट गर्ने धम्की दिएको छ। अर्को घटनामा अज्ञात प्रक्षेप्यले एक जहाजमा प्रहार गर्दा कन्टेनरहरू क्षतिग्रस्त भएका छन्, यद्यपि आगलागी भएको छैन।

यसै क्रममा भारतले जलडमरूमा आफ्ना झण्डा बोकेका दुई जहाजमाथि भएको गोलीकाण्डप्रति कडा आपत्ति जनाउँदै नयाँदिल्लीस्थित इरानी राजदूतलाई बोलाएर विरोध दर्ता गराएको छ।

कूटनीतिक पहलहरू पनि जारी छन्। पाकिस्तानसँगको मध्यस्थतामा संलग्न इजिप्टले चाँडै नै अन्तिम सम्झौता सम्भव हुने आशा व्यक्त गरेको छ। वार्ताका प्रमुख अवरोधका रूपमा इरानको उच्च स्तरसम्म समृद्ध गरिएको युरेनियमको भण्डार र होर्मुज जलडमरूको नियन्त्रणलाई लिइएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले ४४० किलोग्राम समृद्ध युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गर्नुभएको छ, तर इरानले त्यसलाई अस्वीकार गर्दै यस्तो प्रस्ताव कहिल्यै वार्तामा नआएको स्पष्ट पारेको छ। इरानी विदेश मन्त्रालयका अनुसार उक्त भण्डार सुरक्षित स्थानमा रहेको छ र कुनै पनि हालतमा अमेरिकालाई सुम्पिने योजना छैन।

फेब्रुअरी २८ मा सुरु भएको मध्यपूर्वीय द्वन्द्वले व्यापक रूप लिँदै इरान, खाडी देशहरू, इजरायल र लेबनानलाई समेटेको छ। लेबनानमा संयुक्त राष्ट्रसङ्घीय शान्तिरक्षकमाथि भएको आक्रमणमा एक फ्रान्सेली सैनिकको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले घटनाका लागि हिजबुल्लाहलाई दोष दिनुभएको छ, तर उक्त समूहले आरोप अस्वीकार गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले घटनाको निन्दा गर्दै प्रारम्भिक मूल्याङ्कनअनुसार आक्रमण हिजबुल्लाहबाट भएको देखिएको बताउनुभएको छ। यस घटनाले क्षेत्रीय तनावलाई थप जटिल बनाएको छ र शान्ति प्रयासहरूमा चुनौती थपिएको छ।

# इरानसँगको वार्ताका लागि अमेरिकी प्रतिनिधिमण्डल सोमबार पाकिस्तान जाने

वासिङटन, ६ वैशाख (एएफपी)। इरानसँगको युद्ध अन्त्यका लागि वार्ता पुनः सुरू गर्न अमेरिकी वार्ताकारहरू सोमबार पाकिस्तानमा पुग्नेछन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल एक्समा गरेको पोस्टमा अमेरिकाले इरानलाई 'उचित सम्झौता' प्रस्ताव गरिरहेको र यदि तेहरानले प्रस्तावलाई हल्का लिएमा उसले इरानका सबै पावर प्लान्ट र पुलहरूमा आक्रमण गर्ने बताएका छन्।

आइतबार सामाजिक सञ्जालमा पोस्ट गर्दै ट्रम्पले इरानले दुई हप्तादेखि जारी युद्धविराम सहमतिका बुँदाहरूको उल्लङ्घन गरेको आरोप लगाएको छ भने मध्यस्थकर्ताको अनुरोधमा आफ्नो वार्ता टोली पुनः एक पटक पाकिस्तान जाने बताएको हो।

इरान र अमेरिकाबिच जारी गतिरोधका कारण 'स्ट्रेट अफ हर्मुज' आइतबार पनि अवरूद्ध गरिएको छ। तेहरानले हर्मुज जलमार्गलाई पुनः खोल्ने घोषणा शुक्रबार गरेको थियो र यसले विश्व बजारमा उत्साह बढाएको थियो।

यद्यपि, शनिबार फेरि समुद्री यातायातका लागि त्यो मार्ग बन्द भएको इरानले घोषणा गरेको छ।

अप्रिल ११ र १२ मा पाकिस्तानमा भएको उच्चस्तरीय वार्तापछि मध्यस्थताको प्रयास जारी रहँदा इरानले अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी अन्त्य नगरेसम्म महत्त्वपूर्ण समुद्री व्यापार मार्ग नखोल्ने बताएको हो।

# यसरी फेरिँदै छ रूपा तालको रूप

✍ वासुदेव पौडेल

गण्डकी, ६ वैशाख । अबको तीन वर्षमा रूपाताल क्षेत्रले कतिलाई मोहित बनाउला ? अहिले नै अनुमान लगाउन कठिन हुनसक्छ । लेखनाथ नगरपालिका वडा नं १०, ११ र १४ का केही भागले छोएको सो ताल पर्यावरणीय, जलचर संरक्षण, सिँचाइ तथा जलविद्युत् उत्पादनका दृष्टिकोणले उत्कृष्ट गन्तव्यतर्फ लम्किरहेको छ ।

यसका लागि जलस्रोत तथा सिँचाइ विभागले गुरुयोजना कार्यान्वयलाई पहिलो प्राथमिकतामा राख्दै अहोरात्र एकसाथ विभिन्न काम गरिरहेको छ ।

विभागमा महानिर्देशक महानिर्देशक ई मित्र बरालले जलस्रोत संरक्षण कार्यक्रमअन्तर्गत विभागले रूपाताल संरक्षणमा गुरुयोजना कार्यान्वयन गरिराखेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " पर्यावणीय संरक्षण, जलचर संरक्षण, सिँचाइ तथा जलविद्युत् उत्पादनका दृष्टिकोणले काम भइराखेको छ ।"

अहिले जारी काम सम्पन्न भएसँगै दिनमा पटकपटक रूप फेरिनै भएका कारण रूपाताल नामकरण गरिएको रूपातालको समग्र रूप नै फेरिन लागेको छ ।

सात तालको बगैंचा सिमसार सूचीमा सूचीकृत तालहरूमध्येको एक रूपातालको संरक्षण र विकासका लागि रूपाताल संरक्षण एकीकृत विकास परियोजनाको सफलतासँगै यसको समग्र रूप फेरिने अवस्थामा पुगेको हो । यसअघि रूपाताल संरक्षण एकीकृत विकास परियोजना नाममा रहेको यो परियोजना अहिले भने सिँचाइ तथा जलस्रोत व्यस्थापन आयोजनाअन्तर्गत छ ।

रूपाकोट, हंसपुरको सिरान र माझठाना (साविक लेखनाथ नगरपालिका वडा नं १०, ११ र १४ को केही भागले छोएको यो ताल प्राकृतिक र मानवीय अतिक्रमणको चपेटामा पर्न थालेपछि गुरुयोजनासहित संरक्षणका कामहरू थालिएको हो ।

आयोजनाका लागि विस्तृत योजना प्रतिवेदन तयार गरी त्यसअनुरूप काम निरन्तर अघि बढिरहेको जलस्रोत तथा सिँचाइ विभाग, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखराका प्रमुख विदुरमान श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार परियोजना सम्पन्न भएसँगै रूपा तालको स्वरूप नै परिवर्तन हुनेछ । २०७५/०७६ देखि काम थालिएको थियो । चरणबद्ध अघि बढ्ने आयोजनाको रु. चार अर्ब ५२ करोड लागत रहेकामा हालसम्म दुई अर्ब ७० करोडको काम गरिएको छ । स्वीकृत गुरुयोजनाअनुसार यो आयोजना २०८५/०८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

कूल १२२ हेक्टर क्षेत्रफलमा फैलिएको ताल हालको निर्माणाधीन बाँध सम्पन्न भएसँगै क्षेत्रफल बढेर १८३ हेक्टर क्षेत्रफल हुनेछ । परियोजनाअन्तर्गत बाँध निर्माण ठेक्का सम्झौता भएर काम अघि बढिसकेको छ । बाँध निर्माणका लागि कूल रु. २९ करोडको ठेक्का सम्झौता भएकोमा कालिका नयाँ बाटो जेभिले निर्माण गरिरहेको छ ।

बाँध निर्माण कार्य २०८३ भदौ २३ सम्म सक्ने समयावधि निर्धारण गरिएको छ । निर्माण सम्झौता अनुसार तालमा ५९० मिटर माटाको बाँध रहनेछ भने ४५ मिटर कङ्क्रिट बाँध रहनेछ । बाँध निर्माणको काम ७० प्रतिशत सकिएको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । बाँध निर्माण कार्य सकिएसँगै हाल रहेको तालको गहिराइ तीन मिटरबाट बढेर सात मिटर हुनेछ । यस आयोजनाअन्तर्गत रूपातालको बायाँतर्फ ७.८ किलोमिटर पक्की सडक गत आर्थिक वर्षमा नै सम्पन्न भइसकेको छ ।

त्यस्तै परियोजनाअन्तर्गत नै हालको लम्बाइ दुई किलोमिटर रहेको ताल फैलिएर ३.६ किलोमिटर हुनेछ । तालमा रहेको आठ लाख घनमिटर माटो निकालेर त्यसलाई व्यवस्थित गर्ने काम भइरहेको छ । यसका लागि रु. ४० करोड विनियोजन भई काम भइरहेको र सम्झौताअनुसार आगामी फागुन २० सम्म सक्ने लक्ष्य राखिएको छ । यसको निर्माण कार्य उमा एण्ड कम्पनीमार्फत भइरहेको छ ।

आयोजनाअन्तर्गत नै तालको बिचमा टापु बनाएर त्यहाँ मन्दिर बनाउने योजना छ । एक सय ४० मिटर लम्बाइ र ९५ मिटर चौडाइमा रहने उक्त टापुमा आकर्षक मन्दिर बनाउन लागिएको हो । त्यस्तै तालको दायाँ किनारामा पाँच किलोमिटर दूरीको इको ट्रेल निर्माण गरिनेछ ।

बाँकी काम गर्नका लागि ३१७ रुख काट्नुपर्नेछ । यसका लागि वातावरणीय प्रभाव मूल्याङ्कन पनि भइसकेको छ । त्यस्तै भोगाधिकारका लागि एक हेक्टर जग्गा लिन बाँकी छ । वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) अनुसार ३१७ रुख काट्न स्वीकृति भए पनि फिल्ड भेरिफिकेशन गर्दा १२८ वटा मात्रै रुख हटाउनुपर्ने देखिएको जानकारी दिँदै श्रेष्ठले १० प्रतिशत तलमाथि भएमा पुन: पुरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएकोले त्यसका लागि वनबाट स्वीकृति आउनुपर्ने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो ।

आयोजनाकै लागि एक हजार २०० रोपनी अधिग्रहण गर्नुपर्नेमा यसअघि ९११ रोपनी अधिग्रहण भइसकेको छ । त्यसका लागि रु. एक अर्ब रूपमा मुआब्जा वितरण गरिसकिएको आयोजनाले जनाएको छ । बाँकी थप १२६ रोपनी अधिग्रहण गर्नुपर्नेमा त्यसका लागि नयाँ दररेट कायम हुनुपर्ने भए पनि जिल्ला दररेट कायम भइनसकेको कारण उक्त कार्य पनि प्रभावित बनेको छ ।



यी सबै काम सम्पन्न भएसँगै तालको क्षेत्रफलसँगै थप चार मिटर गहिराइ पनि बढ्ने जनाइएको छ । रूपातालको एकीकृत विकास आयोजनासँगै सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले गण्डकी प्रदेश भित्रका विभिन्न ५० भन्दा बढी आयोजना हेर्दै आएको आयोजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । हालै सिँचाइ दिवस एवं ७३ औं वार्षिकोत्सवका अवसरमा आयोजनाबाट सम्पादित कार्यप्रगति एवं समुदायमा पुऱ्याएको समग्र प्रभाव मूल्याङ्कनका आधारमा उत्कृष्ट आयोजनाका रूपमा पुरस्कृतसमेत भएको उहाँले बताउनुभयो ।

सूर्यको किरणसँगै रूपातालमा पानीको रूपमा परिवर्तन आइरहने भएका कारण यसको नाम रूपाताल रहन गएको यहाँका बूढापाकाको तर्क छ । पछिल्ला वर्षमा सौन्दर्य ऱ्हासका अतिरिक्त बढ्दो अतिक्रमणले तालको आकार पनि खुम्चँदै गएका अवस्थामा परियोजना सम्पन्न भएसँगै यसले तालको संरक्षण हुने विश्वास लिइएको छ ।

विगतमा अतिक्रमणमा पर्दै आएको ताललाई संरक्षण गर्न रूपाताल पुन:स्थापना तथा मत्स्यपालन सहकारी संस्थाका तर्फबाट सम्बन्धित निकायहरूमा निरन्तर ध्यान आकृष्ट गर्दै आइएको सहकारीका अध्यक्ष रामबहादुर थापाले जानकारी दिनुभयो ।

रूपाताल प्राकृतिक सुन्दरताका दृष्टिले मात्र नभएर माछाका लागि पनि यतिखेर पर्यटकको आकर्षण बनेको छ । यहाँका माछाको स्वाद लिन पनि दैनिक सयौं पर्यटक रूपाताल पुग्ने गरेका छन् ।

सार्वजनिक बिदाका दिनका साथै अधिकांश शनिबारका दिन रूपाताल किनारमा माछा खान जानेको सङ्ख्या बढ्दै गएको स्थानीयवासी बताउँछन् । प्रेमी-प्रेमिकाको भेटघाटका लागि पनि पछिल्लो समयमा आकर्षणको केन्द्र बन्दै गएको यो तालमा स्विमिङ र फिसिङका लागि पनि पर्यटक पुग्ने गरेका छन् । आयोजनाका लक्षित कामहरूले समग्र तालको रूपमा परिवर्तन आउने उहाँले बताउनुभयो ।

**मोती उत्पादनको परीक्षण**

रूपा तालमा मोती उत्पादनको परीक्षण पनि थालिएको छ । यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रूपातालमा पनि मोती उत्पादनका लागि परीक्षण बढाइएको सहकारीका अध्यक्ष थापाले जानकारी दिनुभयो । मोती उत्पादन परीक्षण समफल भएमा यस ताललाई मोती उत्पादनका माध्यमबाट पनि उपयोग गर्न सकिने उहाँको भनाइ छ ।

**तालमाथि झोलुङ्गे पुल**

रूपाताल किनारका जङ्गललाई समेटेर निर्माण गरिएको प्राणी उद्यान केन्द्र यहाँको अर्को आकर्षण हो । प्राणी उद्यान केन्द्र पर्यटकका लागि आकर्षक गन्तव्य बनिरहेको केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दिनानाथ ढकालले जानकारी दिनुभयो ।

आयोजना अन्तर्गत ताल किनारमा बनाउने भनिएको फुट ट्र्याकले यहाँको सौन्दर्यलाई अझै उजागर गर्ने उहाँको भनाइ छ । केन्द्रमा अवलोकन गर्न आउने पर्यटकले रूपातालको मनोरम दृश्यसँगै यहाँ राखिएका चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरी बाघ, अजिङ्गर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन् ।

उहाँका अनुसार रूपाताल आसपासका क्षेत्रको जङ्गलमा ३६१ प्रजातिका वनस्पति, १७५ प्रजातिका जडीबुटी पाइनुका साथै बाघ, मृग, अजिङ्गरजस्ता जनावर पाइन्छन् । यस क्षेत्रमा एकसय ३४ जातका वन्यजन्तु तथा चराचुरुङ्गी पाइन्छ ।

रूपामाथि राखिएको झोलुङ्गे पुल यहाँको अर्को आकर्षण हो । दुई सय ६९ मिटर लामो पुल तालमाथि बनेपछि यो पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ । पोखरा महानगरपालिका-३१ र रूपा गाउँपालिका-६ जोड्ने गरी पुल निर्माण गरिएको हो । पछिल्ला समयमा तालमाथिको झोलुङ्गे पुल हेर्न र टिकटक तथा भिडियो बनाउन आउने क्रम पनि बढिरहेको छ ।

रूपातालमा सञ्चालत आयोजनाका काम सबै सम्पन्न भएसँगै यसको रूपमा नै आमूल परिवर्तन आउने ढकालले बताउनुभयो । तालको रूपमा परिवर्तनसँगै रूपाताल यस क्षेत्रकै विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास हुने उहाँले बताउनुभयो ।

**चरा पर्यटन गन्तव्य**

रूपाताल चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य बनेको छ । यस तालमा धेरै प्रजातिका विदेशी चरा चीन, साइबेरियालगायतका देशबाट आउने गरेका छन् । विशेषगरी हिउँदको समयमा साइबेरियालगायत स्थानबाट विभिन्न प्रजातिका चराहरू रूपातालमा आउने गरेको पोखरा पन्छी समाजका निवर्तमान अध्यक्ष मनशान्त घिमिरेले बताउनुभयो । रूपातालसहित लेखनाथका तालहरू चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्यका रूपमा रहेको उहाँको भनाइ छ । *(रासस)*

# वीरगन्जमा अतिक्रमित संरचना भत्काउन सुरु

वीरगन्ज (पर्सा), ६ वैशाख । सडक डिभिजन कार्यालय हेटौँडाले आइतबार बिहानैदेखि वीरगञ्जमा मुख्य सडक अतिक्रमण गरेर निर्माण गरिएका घरटहरा भत्काउन सुरु गरेको छ ।

त्रिभुवन राजपथअन्तर्गतको गण्डकचोकदेखि मितेरीपुलसम्म सडकको बिच भागबाट दायाँ-बायाँ २५-२५ मिटर सडक विस्तारका लागि अतिक्रमण गरेर निर्माण गरिएका संरचना भत्काउन सुरु गरिएको हो ।

सडक डिभिजन हेटौँडा कार्यालयले अब बिहान पाँच बजेदेखि करिब एक दर्जन एक्जाभेटर लगाएर अतिक्रमित संरचना हटाउन थालेको र समग्रमा करिब एक हजार २०० घरटहरा भत्काइने जनाइएको छ ।

कार्यालयका इन्जिनियर भोला साहले सर्वोच्च अदालतको फैसला र सङ्घीय सरकारको निर्देशनअनुसार नै अतिक्रमित संरचना भत्काउन सुरु गरिएको जानकारी दिनुभयो । "मापदण्ड विपरितका घर टहरा भत्काउन पटक-पटक सूचना जारी गरेको थियौं, तर अटेर गरेपछि एक्जाभेटर लगाएर भत्काउन थालेका हौं", उहाँले भन्नुभयो, "यसले सडक विस्तार अभियानलाई अघि बढाउन सहज हुनेछ ।"

वीरगञ्जको मुख्य सडकमा घरटहरा रहेका घरधनी, व्यापारी तथा व्यवसायीले भने स्थानीय प्रशासनले १२ घण्टाभन्दा छोटो सूचना दिएर घरखाली गर्न निर्देशन दिँदा समस्या भएको गुनासो गरेका छन् ।

यहाँको घण्टाघरमा घर रहेका घरधनी कन्हैयालाल केशरीले सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नका लागि भत्काउने विषयमा कुनै पनि गुनासो नभए पनि पर्याप्त समय नदिएकाले समस्या भएको गुनासो गर्नुभयो । "घर तथा पसल खाली गर्नका लागि कम्तीमा एक साताको समय दिएको भए आफूहरूले स्वस्फूर्त सरसमान हटाउने मौका पाउने थियौं", उहाँले भन्नुभयो ।

वीरगञ्ज महानगरका नगर प्रहरी प्रमुख हरि भुसालले आइतबार बिहानदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नगर प्रहरीको कडा सुरक्षा निगरानीमा अतिक्रमित संरचना भत्काइएको जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालय पर्साले शनिबार साझ सूचना जारी गर्दै आइतबार बिहान ४:३० बजेभित्र गण्डकचोकदेखि मितेरीपुलसम्म सडक अतिक्रमण गरेर बनाइएका घरटहरा हटाउन निर्देशन दिएको थियो । बिहानैदेखि मुख्य सडक खण्डमा संरचना भत्काइएपछि आइतबार दिउँसो १२:३० बजेसम्म यहाँ बिजुली तथा इन्टरनेट सेवा अवरुद्ध भएको छ । *(रासस)*

# राष्ट्रिय भिटामिन 'ए' र जुकाको औषधि खुवाउने अभियान: सबैको सहभागिता अनिवार्य

✍ भोजराज पोखेल

नयाँ वर्ष २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण देशवासीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उच्च प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा यही मिति २०८३ वैशाख ६ र ७ गते देशभर एकैसाथ राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन हुन गइरहेको छ । सरकारले बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै सन् १९९३ देखि भिटामिन 'ए' क्याप्सुल र सन् २००१ देखि भिटामिन 'ए' सँगै जुकाको औषधि खुवाउने कार्यक्रमको सुरुवात गरेको थियो। हरेक वर्ष वैशाख र कात्तिक महिनामा सञ्चालन हुँदै आएको यो महाअभियान मन्त्रालयको निर्णय र परिपत्र अनुसार देशभर सञ्चालन हुने भएकाले आफ्ना भविष्यका कर्णधार ६ महिनादेखि ५ वर्षसम्मका सम्पूर्ण बालबालिकालाई नजिकैको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी वा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग सम्पर्क गरी अनिवार्य रूपमा औषधि सेवन गराउनुहुन हार्दिक अनुरोध गरिन्छ ।

भिटामिन 'ए' एउटा यस्तो सूक्ष्म पोषक तत्त्व हो, जसले व्यक्तिको शारीरिक क्रियाकलापलाई नियन्त्रण गरी शरीरलाई विभिन्न किसिमका सङ्क्रमणबाट जोगाउनुका साथै आँखालाई स्वस्थ राख्न मद्दत गर्दछ । यसले बालबालिकाको वृद्धि विकासमा सहयोग पुऱ्याउनुका साथै रतन्धो जस्तो घातक रोग र शरीरलाई लुलो, लङ्गडो वा अशक्त हुनबाट बचाउँछ । यो प्राकृतिक रूपमा आमाको बिगौती दूध, माछा, दूध, हरिया सागपात, कलेजो, अण्डा, पहेँला फलफूल र तरकारीहरूमा पाइने भए तापनि शरीरमा यसको पर्याप्त आपूर्तिका लागि सरकारले तयार पारेको सुरक्षित क्याप्सुल खुवाउनु आवश्यक छ । अभियानअन्तर्गत ६ महिनादेखि १२ महिनासम्मका बालबालिकालाई १,००,००० आई.यु. ( आधा क्याप्सुल) र १२ महिना पूरा भई ५ वर्षसम्मका बालबालिकालाई २,००,००० आई.यु. (एक क्याप्सुल) भिटामिन 'ए' खुवाइन्छ ।

यसैगरी, परजीवी नियन्त्रणका लागि सञ्चालित जुकाको औषधि खुवाउने कार्यक्रम अन्तर्गत १ वर्ष पूरा भई ५ वर्षसम्मका बालबालिकालाई अल्बेन्डाजोल ४०० मि.ग्रा. खुवाउने गरिन्छ । जसमा १ देखि २ वर्षसम्मका बालबालिकालाई २०० मि.ग्रा. (आधा चक्की) र २ देखि ५ वर्षसम्मका लागि ४०० मि.ग्रा. (एक चक्की) मात्रा तोकिएको छ । साथै, यो अभियानमा ६ महिनादेखि २ वर्ष मुनिका बालबालिकाहरूलाई बहु-सूक्ष्म पोषक तत्त्व 'बालभिटा' वितरण गरिनुका साथै ५ वर्ष मुनिका बालबालिकाहरूको कुपोषण अवस्था पत्ता लगाउन पाखुराको नाप लिने कार्य पनि सञ्चालन हुन्छ । शिशुलाई स्तनपान मार्फत भिटामिन 'ए' आपूर्ति गर्नका लागि सुत्केरी भएको ६ हप्ताभित्रका आमाहरूलाई समेत एक क्याप्सुल भिटामिन 'ए' खुवाउने व्यवस्था मिलाइएको छ ।

नेपाल सरकारबाट नि:शुल्क रूपमा वितरण गरिने यी औषधिहरू अत्यन्तै सुरक्षित र जीवनरक्षक छन् । यो राष्ट्रिय अभियानलाई भव्यताका साथ सफल पार्न प्रत्येक अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, सञ्चारकर्मी र नागरिक समाजको सक्रिय सहयोग र सहभागिता अपरिहार्य छ । आफ्ना बालबालिकालाई घातक रोगहरूबाट बचाउन र उनीहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न यो वैशाख ६ र ७ गते सञ्चालन हुने कार्यक्रममा नजिकैको वितरण केन्द्रमा पुगी औषधि सेवन गराई आफ्नो कर्तव्य पूरा गरौं ।

***(भोजराज पोखेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् ।)***

# प्रजग कोरियाद्वारा नयाँ मिसाइल परीक्षण

सियोल, ६ वैशाख (एपी)। तनावकाबिच प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले आइतबार समुद्रतर्फ लक्षित गर्दै छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको छ। संयुक्त राष्ट्रसङ्घको परीक्षणप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेका छन्। विशेष रूपमा, यो प्रक्षेपण दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङ विदेश भ्रमणमा निस्कनु केही घण्टाअघि भएकोले



आणविक निगरानी निकायले केही दिनअघि मात्र प्योङयाङले आणविक हतियार विकासमा 'धेरै गम्भीर' प्रगति गरेको चेतावनी दिएको पृष्ठभूमिमा भएको यस प्रक्षेपणलाई क्षेत्रीय सुरक्षा दृष्टिले चनाखो रूपमा हेरिएको छ।

प्रजग कोरियाको सिन्पो क्षेत्रबाट प्रहार गरिएका ती मिसाइलहरू करिब १४० किलोमिटर उडेर देशको पूर्वी समुद्री क्षेत्रमा खसेका थिए। यस घटनापछि दक्षिण कोरियाले कुनै पनि सम्भावित उक्साहटको जवाफ दिन पूर्ण तयारीमा रहेको जनाउँदै संयुक्त राज्य अमेरिका र जापानसँग सूचनाको आदानप्रदान तीव्र बनाएको छ।

दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्को आकस्मिक बैठकमा वरिष्ठ अधिकारीहरूले प्रजग कोरियाका क्षेप्यास्त्र यसको समयलाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ।

अमेरिकी र जापानी सेनाले पनि प्रक्षेपण पत्ता लगाएको पुष्टि गरेका छन्। अमेरिकी इन्डो-प्यासिफिक कमान्डले क्षेत्रीय सुरक्षा र आफ्ना सहयोगीहरूको रक्षा गर्न प्रतिबद्ध रहेको जनाएको छ। जापानको रक्षा मन्त्रालयले भने उत्तर कोरियाको यो कदमले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्तिलाई जोखिममा पारेको र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको उल्लङ्घन गरेको भन्दै कडा विरोध जनाएको छ।

मिसाइल प्रक्षेपण गरिएको सिन्पो क्षेत्र प्रजग कोरियाको पूर्वी तटस्थित महत्त्वपूर्ण सहर हो। यहाँ पनडुब्बी निर्माणका लागि प्रमुख शिपयार्ड रहेको छ।

यदि पनडुब्बीबाट प्रक्षेपण गरिएको पुष्टि भएमा यो चार वर्षपछि प्रजग कोरियाले गरेको पहिलो पनडुब्बी-आधारित ब्यालेस्टिक मिसाइल परीक्षण हुनेछ। यस्तो क्षमता विकास हुनु प्रतिद्वन्द्वी राष्ट्रहरूका लागि थप चुनौतीपूर्ण मानिन्छ, किनकि पानीमुनिबाट हुने प्रक्षेपण पहिचान गर्न कठिन हुन्छ। गत वर्ष प्रजग कोरियाले निर्माणाधीन आणविक पनडुब्बी सार्वजनिक गरेको थियो, जसले यस दिशामा उसको महत्त्वाकांक्षा झल्काएको थियो।

गत साता प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनले युद्धपोतबाट गरिएको क्षेप्यास्त्र परीक्षणको निरीक्षण गर्नुभएको थियो। त्यसअघि पनि तीन दिनसम्म विभिन्न नयाँ हतियार प्रणालीसहितका परीक्षणहरू गरिएको दाबी गरिएको थियो। गत महिना प्योङयाङले अमेरिकासम्म पुग्न सक्ने मिसाइलका लागि ठोस इन्धन इन्जिन परीक्षण गरेको जनाएको थियो।

सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता विफल भएपछि नेता किम जोङ उनले आफ्नो आणविक तथा मिसाइल कार्यक्रम विस्तारमा जोड दिँदै आउनुभएको छ। यद्यपि ट्रम्पले पुन: वार्ताको इच्छा व्यक्त गरिरहनुभएको छ र प्रजग कोरियाले पनि संवादका लागि सङ्केत दिएको छ, तर प्योङयाङले पूर्वशर्तका रूपमा आणविक नि:शस्त्रीकरणको माग हटाउन अमेरिकालाई आग्रह गरिरहेको छ।

आगामी मे महिनामा ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच हुने भनिएको शिखर सम्मेलनलाई पनि प्रजग कोरियासँगको कूटनीतिक सम्भावनासँग जोडेर हेरिएको छ। केही विश्लेषकहरूका अनुसार प्रजग कोरियाको पछिल्लो परीक्षण गतिविधि भविष्यका वार्तामा आफ्नो मोलतोल शक्ति बढाउने रणनीति हुन सक्छ।

यसैबिच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले हालै उत्तर कोरियामा आणविक उत्पादन गतिविधिमा 'तीव्र वृद्धि' भएको पुष्टि गर्नुभएको छ। उहाँका अनुसार यी गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा उल्लेखनीय विस्तार भएको सङ्केत गर्छ।

बाह्य विश्लेषकहरूले पनि प्रजग कोरियाले आफ्नो प्रमुख योङब्योन आणविक परिसर विस्तार गरिरहेको र थप युरेनियम संवर्धन केन्द्रहरू निर्माण गरिरहेको बताएका छन्।

## के यो सत्य हो ?

गृह मन्त्रालयको एक सभाकक्षमा कार्यालय समयमै केही अधिकारीहरू भारतीय योग गुरूको आँखा बन्द गरी श्वास लिने र फाल्ने अभ्यास गराएपछि एक देशभक्त नागरिकको सामाजिक सञ्जालमार्फत सार्वजनिक भयो - "जनताको सेवा गर्नुपर्ने कार्यालय समयमा मन्त्रालयको सभाकक्षभित्र योगाभ्यास गर्न नहुने, यस्ता निजी विषय कर्मचारीलाई आ-आफ्नो घरमा गर्न सुझाउनुपर्ने र यो 'गाईजात्रा' गराउने नेतृत्वलाई कानुनी कारबाहीको दायरामा ल्याइनुपर्दछ।"

रास्वपा सरकारले वैशाख २ गते २०६२/६३ देखि २०८२/८३ सम्म सरकारी ओहदामा बसेका राजनीतिज्ञ र उच्च प्रशासकको सम्पत्तिको छानबिन गर्न गठन गरेको पाँच सदस्यीय आयोगको अध्यक्षमा काठमाडौँ सिनामङ्गलमा गुठी संस्थानको ४५ सोपनी ५ आना ३ पैसा जग्गा सर्वोच्च अदालतको न्यायाधीशको कुर्सीबाट सोही स्थानका नारायणप्रसाद लामिछानेको नाममा फैसला गरिदिने राजेन्द्रकुमार भण्डारीलाई नियुक्ति दिइएकोमा जनताबिच विरोध भइरहेको छ।

# इन्द्रायणी मन्दिर पुन:निर्माणसम्बन्धी सार्वजनिक परीक्षण

भक्तपुर, ६ वैशाख। इन्द्रायणी द्योछेँको पुन: निर्माण कार्यको चौथो चरणको काम सम्पन्न गरी आइतबार स्थानीयवासीहरूको भेला गरी सार्वजनिक परीक्षण कार्य सम्पन्न गरेको छ।




कार्यक्रममा स्थानीय समाजसेवी एवं साबिक १५ वडाका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले इन्द्रायणी द्योछेँ भक्तपुर नगरको एक नमुना मन्दिरको रूपमा रहेको चर्चा गर्दै उक्त मन्दिरको सम्बन्ध बिस्का जात्रासँग पनि रहेको बताउनुभयो।

भनपाभित्रका विकास निर्माण कार्यहरू उपभोक्ता समितिमार्फत गर्दा स्थानीय जनताको सहभागिता बढ्नु, श्रमदान अधिक रहनु र आफ्नोपनको भावना विकास भएकोले भक्तपुरको सन्दर्भमा उपभोक्ता समितिमार्फत काम गर्दा दिगो विकास हुने उहाँले बताउनुभयो।


उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायले उपभोक्ता समितिमार्फत काम गर्दा लागत अनुमानभन्दा कम रकममा निर्माण सम्पन्न हुनु सकारात्मक हुँदा हुँदै व्यवहारिक कठिनाइहरू आइपर्ने हुनाले समितिमा बसेर काम गर्ने पदाधिकारीहरूलाई अझ व्यवस्थित गर्न तालिम दिनुपर्ने बताउनुभयो।

२०७६ जेठ १९ गते शिलान्यास भएको उक्त मन्दिरको पुन:निर्माण २०८२ चैत १९ गते चौथो चरणको कार्य सम्पन्न भएको थियो।

उक्त द्योछेँ पुन:निर्माणको लागि भनपाबाट २ करोड ६६ लाख ११ हजार ५२ रूपैयाँ ४० पैसा प्राप्त भएको थियो।

वडा सदस्य श्यामसुन्दर मातांको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा सदस्य मन्जु लाखाजु, उपभोक्ता समितिका पदाधिकारीद्वय कृष्ण प्रधानाङ्ग र कृष्णश्वरी हाडाले पनि बोल्नुभएको थियो।


## प्रथम पुण्य वार्षिक तिथिको अपार सम्झना



लक्ष्मीनारायण कुसी

जन्म
१९८७/०५/०४

निधन
२०८२/०१/१६


***सवारी....***

र तुरुन्तै थुनामुक्त हुने भन्ने गलत बुझाइ छ। यो भ्रम अर्थात् मिथ्या हो।

सवारी दुर्घटना भई कसैको ज्यान गएको छ वा अङ्गभङ्ग भएको छ भने प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारबाही भई त्यसैबाट मात्रै मुद्दाको अन्तिम टुङ्गो लाग्ने हो।

**ठुलो गाडीको गल्ती**

सामान्यतया सर्वसाधारण तथा कहिलेकाहीँ अनुसन्धान अधिकृतहरूबाट पनि दुर्घटना हुँदा जहिल्यै पनि सानो गाडी वा मोटरसाइकलको गल्ती होइन, स्वत: ठुलो गाडी ट्रक तथा टिपरको गल्ती हुने मिथ्यापूर्ण बुझाइ राख्ने गरेको पाइन्छ।

गल्ती सानो सवारी साधन, बटुवा, ठेकेदार तथा ठेकेदार कम्पनी, स्थानीय निकाय, सडक विभाग, नेपाल सरकार तथा सडक वरिपरि निर्माण सामग्री राखेर सवारी आवागमनलाई प्रभावित बनाउने जो सुकैको हुनसक्छ।

यो विषयमा सम्बन्धित सबैको ध्यान जानु जरुरी हुनुका साथै प्रचलित कानुनमा समयानुकूल संशोधन तथा थप कानुनी व्यवस्था हुनु आवश्यक छ।

**बीमा र क्षतिपूर्तिसम्बन्धी व्यवस्था**

बीमा र क्षतिपूर्तिसम्बन्धी व्यवस्था पनि सडक दुर्घटनाका मुद्दाहरूमा एउटा महत्त्वपूर्ण पाटो हुने गरेको छ।

सडक दुर्घटनामा परी घाइते हुनेको उपचारको लागि होस् वा अङ्गभङ्ग भएका पीडितको क्षतिपूर्तिको लागि अथवा सडक दुर्घटनामा परी मृत्यु हुने मृतकको किरिया खर्च तथा क्षतिपूर्तिको लागि बीमा एक महत्त्वपूर्ण पाटो हुने गरेको छ।

सडक दुर्घटनासम्बन्धी मुद्दा मामिलामा बीमाबाट आउने रकमले सवारी धनीहरूलाई निकै ठुलो सहयोग मिल्ने गरेको देखिन्छ।

बीमा नहुँदो हो त सवारीधनीहरूले आफ्नो सवारी-साधन बिक्री गरेर पनि उपचार, क्षतिपूति तिर्न नसक्ने अवस्था आउने देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले तेस्रो पक्षको बीमा अनिवार्य गर्दा सवारी धनी तथा सवारी चालकहरू नै लाभान्वित हुने गरेको देखिन्छ।

**प्राकृतिक प्रकोपबाट हुने सवारी दुर्घटना**

गत भदौमा आएको बाढी पहिरोले सयौँ सर्वसाधारणको ज्यान लियो। त्यसमध्ये केही चालक तथा यात्रुहरूले पनि ज्यान गुमाउनुपर्‍यो।

नारायणगढ मुग्लिन सडक खण्डको पहिरोमा परेका दुई वटा बसमा यात्रा गर्ने यात्रुहरू तथा झाक्री खोलाको बाढीले बगाएका गाडीहरूमा यात्रा गर्ने सर्वसाधारणहरूको चिर शान्तिको कामना गर्न सकिन्छ।

ती मृतक तथा पीडित परिवारहरूले के सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम क्षतिपूर्ति पाउन सकिन्छ ? को बाट क्षतिपूर्तिको आशा राख्ने ? सवारी धनी तथा चालक जसको कुनै गल्ती, कमजोरी एवं दोष छैन।

त्यसैले यस्तो प्रकारको दुर्घटना हुँदा यात्रु तथा मृतकहरूले न्याय पाउने कानुनी व्यवस्था हुनु आवश्यक देखिएको छ।

**अन्त्यमा**

सवारी दुर्घटनाबाट बर्सेनि पच्चीस सय/तीन हजार सर्वसाधारणले ज्यान गुमाउनुपरेको तथ्याङ्क नेपाल सरकारसँग छ। तर, सडक दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धमा कुनै ठोस कार्यक्रम तथा योजना एवं सवारी तथा यातायात व्यवस्थासम्बन्धी कानुनमा हेरफेर, संशोधन तथा आवश्यक व्यवस्थाहरूको थपघट गर्न पहल भएको देखिँदैन।

बर्सेनि हुने मृत्युको तथ्याङ्क जोड्दै जाँदा नेपालमा समय समयमा आउने गरेको भूकम्पबाट हुने मानवीय क्षतिभन्दा सवारी दुर्घटनाबाट हुने मानवीय क्षति धेरै बढी रहेको देखिन्छ।

त्यसैले नेपाल सरकार, यातायात व्यवसायी, सवारी धनी, चालक सहचालक, यात्रु तथा सर्वसाधारणलगायत सम्बन्धित सबैले सडक दुर्घटना न्यूनीकरण तथा क्षति न्यूनीकरण गर्ने सम्बन्धमा यशासक्य चाँडो पहलकदमी गर्नुपर्ने आवश्यकता छ।


## हार्दिक समवेदना



जन्म : १९९९
निधन : २०८२।१२।२९

यस समितिका उपाध्यक्ष कृष्ण सुलु र प्लम्बर कर्मचारी श्यामसुन्दर सुलुकी ममतामयी माता **गुणकेशरी सुलु**को दु:खद निधन भएको आज नवौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पणका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

लाकिला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति
चा.न.पा.–३, झौखेल, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा